



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ०१-४२६११७९
एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)

» आइतबार, भदौ १७, २०७५ » Sunday, September 2, 2018 » www.newsofnepal.com » नेसं ११३८ गुँलागा ७ » वर्ष २४, अंक २३५ » पृष्ठ १२ » मूल्य रु १०/–



२ { लगातार नाच र जात्रामा रुमलियो मध्यपुर थिमि
५ { राजन भट्टराईसँगको अन्तरवार्ता
७ { चुनदुङ्गा खानी बन्द गर्न माग
१२ { एसिया कप छनोटमा नेपालको पहिलो जित





# क्षेत्रीय कनेक्टिभिटी नै 'बुद्धिस्ट सर्किट'

सुनील महर्जन, काठमाडौं

'बुद्धिस्ट सर्किट' स्थापना गर्ने प्रतिबद्धता बिमस्टेक सम्मेलनको एउटा प्रमुख एजेन्डाका रूपमा स्थापित भएको छ। आगामी दुई वर्षपछि भारतमा हुने बौद्ध सम्मेलनले पनि यही प्रतिबद्धता कार्यान्वयन गर्न सघाउने विश्वास बिमस्टेकका सदस्य राष्ट्रले गरेका छन्।

विगतमा झैं यसपटकको सम्मेलनले पनि बुद्धिस्ट सर्किटको विषयले प्राथमिकता पाएकाले यसको लबिङमा लागेकाहरू आफ्नो एजेन्डा स्थापित भएकोमा दंग छन्। एजेन्डा स्थापित भए पनि यसको कार्यान्वयको पाटो भने चुनौतीपूर्ण रहेको विज्ञहरू बताउँछन्। यसको कार्यान्वयका लागि विशेषत: नेपाल र भारतले बढी अग्रसरता देखाउनुपर्ने सरोकारवालाहरू बताउँछन्। पूर्व संस्कृतिमन्त्री दीपकुमार उपाध्यायले भन्नुभयो- 'बुद्धको जीवनीसँग जोडिएका चार महत्त्वपूर्ण घटनास्थल नेपाल र भारतमा रहेका छन्।'




भगवान् गौतम बुद्धको जन्मस्थल नेपालको लुम्बिनी विश्वका शान्तिमार्गी र बुद्धधर्मावलम्बीको महत्त्वपूर्ण गन्तव्यका रूपमा स्थापित छ।

भगवान् गौतम बुद्धको जन्मस्थल नेपालको लुम्बिनी विश्वका शान्तिमार्गी र बुद्धधर्मावलम्बीको महत्त्वपूर्ण गन्तव्यका रूपमा स्थापित छ। त्यसैगरी बुद्धले ज्ञान प्राप्त गर्नुभएको भारतको बोधगया, पहिलो पटक धर्मप्रवचन दिनुभएको सारनाथ (मृगदावन) र महापरिनिर्वाण (देहत्याग) भएको कुशीनगर भारतमै रहेको छ।

बुद्धिस्ट सर्किटमा भारतको पहिलेदेखि रुचि रहेकाले यसलाई कार्यान्वयन गर्न भारत र नेपालले पहल गर्नुपर्ने खाँचो रहेको भारतका लागि पूर्वराजदूतसमेत रहनुभएका उपाध्यायले बताउनुभयो। 'यसलाई अघि बढाउन दुवै देशले विशेष परियोजना ल्याउनुपर्दछ। नेपालले गर्नुपर्ने त मुख्य कनेक्टिभिटीकै कुरा हो।' -उपाध्यायले बताउनुभयो। कनेक्टिभिटी भनेको सडक यातायात, रेल यातायात, हवाई यातायात नै रहेको उहाँले बताउनुभयो। यसले विश्वका बुद्धधर्मावलम्बी र शान्तिकामीलाई चार धामको दर्शन गर्न प्रेरित गर्ने र त्यसको लाभ दुवै देशले लिन सक्ने उपाध्यायले दाबी गर्नुभयो।

भारतले बोधगया, सारनाथ र कुशीनगरसँग जोड्ने गरी करिब ७ सय किलोमिटर क्षेत्र समेटेर बुद्ध सर्किट बनाउने कामलाई तीव्रता दिइरहेको छ। यो सर्किटमा बुद्धजन्मस्थल लुम्बिनीलाई समेट्ने सोचमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पुग्नुभएको छ। विश्वभरका बौद्धमार्गी पर्यटकलाई भारतमा आकर्षित गर्न सहज हुने भएकाले लुम्बिनीलाई बुद्ध सर्किटमा जोड्ने उद्देश्य भारतले लिएको बताउँदै पूर्वराजदूत उपाध्यायले नेपालले पनि आफ्नो हितबाट सोचेर कार्यान्वयन अघि बढाउनुपर्ने बताउनुभयो।

भारतको उत्तर प्रदेश पर्यटन निगमले भारतको बोधगया, कुशीनगर, श्रावस्ती, राजगृहलगायत बौद्ध धर्मका तीर्थस्थलमा पर्यटकहरू घुमाउँदा लुम्बिनीलाई पनि रुटमा राखेको पाइएको छ। यस्तो अवस्थामा नेपालले पनि बुद्धिस्ट सर्किटको अवधारणाअनुरूप लुम्बिनी वरपरको स्थानमा बाटो, भौतिक पूर्वाधार जोड्नुपर्ने लुम्बिनी विकास कोषका पूर्वकार्यकारिणी सदस्य भिक्षु कौण्डन्यले बताउनुभयो। भारतले आफ्नो क्षेत्रमा गरेझैं अहिले नेपालले बुद्धिस्ट सर्किटमा लुम्बिनीसँगै कपिलवस्तु, देवदह, रामग्राम पनि जोड्नुपर्ने धारणा भिक्षु कौण्डन्यको रहेको छ।

बिमस्टेकका सदस्य राष्ट्र श्रीलंका, थाइल्यान्ड र म्यानमार बौद्धमार्गी राष्ट्र हुन्। ती राष्ट्रका नागरिकलाई नेपालमा आकर्षित गर्न सक्ने हो भने देशको पर्यटन क्षेत्रले लाभ लिन सक्छ। बंगलादेशको पनि चक्मा क्षेत्रमा बुद्धधर्मावलम्बीको बाहुल्यता रहेको छ।

बुद्धिस्ट सर्किटको अवधारणा यसपटक चर्चामा नभई कार्यान्वयनतिर अघि बढ्नुपर्ने परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठको ठम्याइ रहेको छ। 'बुद्धिस्ट सर्किटलाई अगाडि बढाउने निर्णय महत्त्वपूर्ण छ। तर त्यसलाई अघि बढाउँदा पाकिस्तानलाई माइनस गर्नुहुँदैन।' -परराष्ट्रविद् श्रेष्ठले भन्नुभयो। श्रेष्ठका अनुसार पाकिस्तानको गान्दाहार क्षेत्रमा पहिलो बुद्धको मूर्ति भेटिएको थियो। पाकिस्तानमा बुद्धले तपस्या गर्दा करङ देखिएको मूर्ति र जुँगा भएको मूर्ति म्युजियममा हेरेर आएको उहाँले जानकारी दिँदै भन्नुभयो- 'त्यसैले गान्दाहारलाई पनि कनेक्टिभिटीमा राख्नुपर्दछ। अफगानिस्तानको बामियानमा विश्वकै ठूल-ठूला मूर्ति छन्। त्यसलाई पनि सर्किटमा राख्नुपर्दछ।'

बुद्धिस्ट सर्किटबाट महत्त्वपूर्ण लाभ लिन सकिने बताउँदै श्रेष्ठले यसलाई उच्च महत्त्वका साथ अघि बढाउनुपर्नेमा जोड दिनुभयो।

## नागढुंगामा यात्रु हैरान, क्रेन नहुँदा घन्टौं जाम

# ट्राफिक प्रहरी र विभागबीच जुहारी

मधुसूदन रायमाझी, काठमाडौं

राजधानी प्रवेश गर्ने मुख्य नाका नागढुंगामा दैनिक घन्टौं जाम हुँदा यात्रुहरू हैरानीमा पर्न थालेका छन्। मालवाहक गाडी नागढुंगाको उकालोमा ओभरलोडका कारण दैनिकरूपमा बिग्रँदा जाम हुने गरेको छ। नागढुंगाको उकालोमा दैनिक २ दर्जनसम्म मालवाहक सवारी साधन बिग्रने गरेको कारण यात्रुहरूले मार खेप्नुपरेको छ। गत बिहीबार नागढुंगाको उकालोमा एकै दिन १४ वटा मालवाहक सवारी साधन बिग्रिएपछि जाम धादिङको खानीखोलासम्म पुगेको थियो। प्रहरीलाई ट्राफिक व्यवस्थापन गरी पूर्ववत् अवस्थामा ल्याउन २४ घण्टा लागेको थियो।

नागढुंगा हुँदै उपत्यका प्रवेश गर्ने वैकल्पिक सडक नभएका कारण यात्रुहरू जामको मारमा पर्दै आएका छन्। सरकारले बिग्रिएका सवारी साधनलाई समयमा नै व्यवस्थापन गर्न नसक्दा अत्याधिकरूपमा ट्राफिक जाम हुने गरेको छ। झ्याप्ले खोलादेखि नागढुंगा खण्डको उकालो सडकमा दैनिक मालवाहक सवारी साधन ओभरलोडकै कारण बिग्रिने गरेको सडक विभागले दाबी गरेको छ। तर सडक विभागले बिग्रिएका सवारी साधन तान्ने क्रेनको व्यवस्था नगर्दा दैनिक रूपमा यात्रुहरू घन्टौंसम्म नागढुंगाको जाममा पर्ने गरेको गुनासो ट्राफिक प्रहरीको छ।

सडकको क्षमताभन्दा बढी लोड लिएर मालवाहक सवारी साधन आउने गरेका छन्। निर्माण सामग्री, खाद्य सामग्री, कच्चा पदार्थ, पशुपन्छी लिएर नागढुंगा नाकाबाट मात्र दैनिक २ हजार ५ सय मालवाहक सवारी साधन उपत्यका प्रवेश गर्ने गरेको ट्राफिक प्रहरीको तथ्यांकले देखाएको छ।

(क्रमश: पृष्ठ ९ मा)






## टीआरसीको पुरानै गुनासो

# एक पैसा छैन कसरी काम गर्ने ?

प्रशान्त वली, काठमाडौं

जनयुद्धकालीन घटनाका दोषी पत्ता लगाई सत्य-तथ्य छानबिन गर्ने र त्यससँग सम्बन्धित मुद्दालाई किनारा लगाउने उद्देश्यले गठित सत्य निरुपण तथा मेलमिलाप आयोगले फेरि पनि बजेट अभाव भएको गुनासो गरेको छ। आयोगले यसअघि पनि पटक-पटक बजेट अपुग भएकाले चाहेजति काम गर्न नसकेको दाबी गर्दै आएको थियो।

आयोगका सदस्य डा. माधवी भट्टले यस आर्थिक वर्षमा १२ करोड रुपियाँ विनियोजन गरिए पनि आफूहरूले अहिलेसम्म एक रुपियाँ पनि नपाएको बताउनुभयो।

साउनदेखि अहिलेसम्म एक रुपियाँ पनि नपाएको बताउँदै उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'बजेट नहुँदा जनशक्तिको व्यवस्थापन र जिल्लामा मुकाम खोल्ने कार्य प्रभावित भएको छ। सचेतपत्र पठाइसकिएको छ तर सरकार सुनेको नसुनै गर्छ।'

आयोगका लागि गत वर्ष १४ करोड रुपियाँ विनियोजन गरिएको थियो। हाल आयोगमा दर्ता भएका मुद्दाहरूको छानबिन, अनुसन्धानदेखि कार्यालय सञ्चालनसम्मका

टीआरसी त केही व्यक्तिलाई जागिर खान बनाइदिएको जस्तो भयो

कामहरू ठप्प भएका छन्। डा. भट्टले प्रदेशमा पनि उजुरी अनुसन्धानको काम रोकिएको जानकारी दिनुभयो।

आयोगका सूचना अधिकारी सूर्यवंश शर्मा कँडेलले कर्मचारी थप्न पटकपटक आग्रह गरिए पनि उपलब्ध नभएको गुनासो गर्नुभयो।

(क्रमश: पृष्ठ ९ मा)

# ढाँटेर भत्ता लिए 'सुली', लिँदै नलिए फुली !

गंगा बराल, काठमाडौं

सरकारले नागरिकका लागि सामाजिक सुरक्षाबापत भत्ता दिने व्यवस्था गर्न लागेको छ। यसका लागि नयाँ विधेयक तयार पारिएको छ।

नेपालको संविधानको धारा ४३ मा रहेको सामाजिक सुरक्षाको हकसम्बन्धी व्यवस्थालाई मध्यनजर गरी यस्तो विधेयक ल्याउन लागिएको हो। उक्त धारामा आर्थिकरूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षाको हक हुने उल्लेख छ।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले हस्ताक्षर गर्नुभएको उक्त विधेयकमा कुनै नागरिकले यस्तो सुरक्षा नलिने

संविधान बनेको ३ वर्षभित्र अर्थात् आगामी असोज २ गते राती १२ बजेसम्म कानुन बनाएर कार्यान्वयन गरिसक्नुपर्ने भएकाले मौलिक हकलाई समेत कार्यान्वयनमा ल्याइसक्नुपर्ने छ।

घोषणा गरेमा उसलाई स्थानीय तहले सम्मान गर्ने र ढाँटेर लिनेलाई सजाय हुने व्यवस्था गरिएको छ।

विधेयकको दफा १४ मा यस्तै अरू सुविधा लिने व्यक्तिले दोहोरो सामाजिक सुरक्षा लिन नपाउने उल्लेख छ। विवरण ढाँटेर नियमविपरीत यस्तो सुरक्षा लिएमा जुनसुकै व्यक्तिले त्यसविरुद्ध स्थानीय तहको न्यायिक समितिमा उजुरी दिन सक्ने व्यवस्था गरिएको छ। उक्त समितिको निर्णयमा चित्त नबुझेमा ३५ दिनभित्र जिल्ला अदालतमा पुनरावेदन पनि हुन सक्नेछ। ढाँटेर लिएमा लिएको रकम बराबरको जरिवाना तिर्नुपर्ने व्यवस्था गरिएको छ।

सुरक्षा भत्ता पाउने नागरिकलाई स्थानीय तहले परिचयपत्र दिनेछ। सोही परिचय पत्रका आधारमा निवेदन दिएपछि भत्ता दिइनेछ। संघीय संसद् सचिवालयमा दर्ता भएर प्रक्रियामा अघि बढेको उक्त विधेयक संसद्बाट पारित भएपछि यसको नाम 'सामाजिक सुरक्षा ऐन, २०७५' रहने छ।

सामाजिक सुरक्षा भत्ता वितरण गरेको विवरण प्रत्येक स्थानीय तहले चौमासिक रूपमा सम्बन्धित प्रदेश र संघीय सरकारलाई दिनुपर्नेछ।

संविधानको धारा १६ देखि ४६ सम्म ३१ वटा मौलिक हक राखिएको छ।

(क्रमश: पृष्ठ ९ मा)

महानगर

2018, AUG
Sunday
2

प्राचीनकालमा मध्यपुर थिमि क्षेत्रका बासिन्दालाई भूतप्रेत, पिशाचले दु:ख दिएपछि तान्त्रिकमार्फत मानिसको शरीरमा भैरव, कुमारीको शक्ति प्रवेश गराई क्रोधित मुद्रामा टोलटोलमा नचाएपछि भूतप्रेत भागेकाले त्यसपछि यो नाच चल्दै आएको किम्वदन्ती रहेको छ।

# अन्तरिक उडान अब बिहान ५ बजेदेखि

काठमाडौं, (नेस)

शनिबारबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल बिहान ५ बजेबाट सञ्चालनमा आएको छ। विमानस्थलको हवाई चापलाई कम गर्नका लागि विमानस्थलको आन्तरिक टर्मिनलमा बिहान १ घन्टा अगाडिबाट सञ्चालनमा ल्याइएको विमानस्थलका प्रमुख राजकुमार क्षेत्रीले जानकारी दिनुभयो। विगतमा विमानस्थल ६ बजेबाट राति ३ बजेसम्म सञ्चालन हुँदै आएको थियो। योसँगै विमानस्थल २ घन्टा (३ बजेदेखि ५ बजेसम्म) बन्द हुनेछ।

विगतमा बिहान ६ बजेबाट विमानस्थल सञ्चालनमा ल्याउँदा उडान भने ६ बजेर ४० मिनेटमा मात्र शुरू हुँदै आएको थियो। 'यात्रुको सुरक्षा जाँच, टिकेट तथा लगेज व्यवस्थापन, विमानको चेकजाँच, चालकदलका सदस्यहरू तयार हुदाँ करिब ४० मिनेट व्यतित हुने गरेको थियो। अब भने ५ बजे नै आन्तरिक टर्मिनल खुला हुदाँ विमान ६ बजेदेखि नै उडान गरिसक्ने क्षेत्रीले बताउनुभयो। विमानस्थल २२ घन्टा खुला रहे पनि उडान अवतरण भने २१ घन्टा नै हुनेछ।




# लगातार नाच र जात्रामा रूमलियो मध्यपुर थिमि



पुष्कर बुढाथोकी, भक्तपुर

मध्यपुर थिमि नगरपालिकाभित्रका विभिन्न स्थानमा पछिल्ला ५ दिनसम्म लगातार रातमा समेत ऐतिहासिक एवं सांस्कृतिक महत्त्व बोकेका विभिन्न नाच र जात्रा प्रदर्शन भएका छन्। १२ वर्षपछि एकपटक फरक शैलीमा हुने धार्मिक महत्त्व बोकेको नीलबाराही नाच ४ दिनसम्म लगातार नगरका विभिन्न स्थनमा प्रर्दशन हुने गरेको स्थानीय दिलकृष्ण प्रजापतिले बताउनुभयो। प्रत्येक वर्ष गाईजात्राको भोलिपल्टको मध्यरातिबाट अर्थात् भाद्र द्वितीयादेखि पञ्चमीसम्म बोडेमा चल्ने नाच नीलबाराही नाच हो।

बोडेको नारायणथान लाछीबाट शुरू भई लायकु छें, विष्णुघाट, महालक्ष्मीथान, भाँगुटोल, खोंसी टोल, नीलबाराही स्थान हुँदै पुन: नारायणथानमा समापन गरिने परम्पराअनुसार यो नाच प्रत्येक टोलको चोकमा धाँ बाजा, भुस्या, काँय र पाँगा बाजाको तालमा नीलबाराही देवीको नाच देखाउने गरिन्छ।

बोडेमा राक्षसहरूले दु:ख दिएपछि नीलबाराही देवीले एक स्थानीयलाई नाच सिकाएर पठाएपछि वर्षौं अघिदेखि शुरू भएको यो नाच नाच्दा दैवी शक्ति प्राप्त हुने जनविश्वास रहेको छ। स्थानीय जुजुभाइ बास श्रेष्ठ भन्नुभयो- 'विभिन्न देवीदेवताको आकृति रहेको मुकुण्डो लगाएर घन्टौंसम्म टोलटोल घुमेर दैनिक १० देखि १४ घन्टासम्म नाच्नुपर्ने यो नाच चलिरहँदा देवगणले खान नहुने, बस्न नहुने, बोल्न नहुने, घामपानीमा छाता ओड्न नहुने, दिसा पिसाब गर्न नहुने र जुत्तासमेत लगाउन नहुने नियम रहेको छ।'

देवगणमा भैरव १, बाराही ४, कुमारी ४, सिहं ४, द्वारपाल २ र गणेश ४ गरी १९ जना देवगण रहेको यो नाचमा ६ गुरु, १९ देवताका सहयोगी, धाँ, भुस्याहा, काँ, बौचा बाजा बजाउने ९ लगायतका विभिन्न सहयोगीहरू गरी १ सय १५ जनाको संलग्नता रहेको हुन्छ। नीलबाराही गुठी नै सञ्चालन गरी स्थानीयले नाचलाई जोगाउँदै हरेक वर्ष यो नाच सञ्चालन गर्दै आएका छन्।

मल्लकालीन लाय्कु भैल: अर्थात् भैरव जात्रा भाद्र कृष्ण द्वितीया (गुंलागा द्वितीया) देखि पञ्चमीसम्म मर्नान्छ। गतवर्ष लाय्कु दरबारबाट प्रर्दशन गरिएको यो नाच यसवर्ष भने लाय्कु भैलका नाय पमा: श्यामकाजी श्रेष्ठको स्वीकृतिमा मध्यपुर थिमि ५ नासननी टोलका प्रजापतिहरूले सञ्चालन गरेका छन्। यो तान्त्रिक एवं ऐतिहासिक नाच मानिन्छ।

लाय्कु भैल गुरु एवं नाय पमा: अर्जुन श्रेष्ठले नाचका लागि १२ जनाले दाग:, ८ जनाले भुस्या, ८ जनाले पोङ्गा र ४ जनाले मुहाली बजाई सुर ताल दिने गरेको जानकारी दिनुभयो।

भैरव २, दा:गि अर्थात् कुमारी २, र ज्यापूँग १ गरी ५ जना देवगण रहने यो नाच तान्त्रिक विधि पूरा गरेर दैवी शक्ति प्राप्त गरी सञ्चालन हुने नाचका मूल गुरु श्रीगोपाल प्रजापतिले बताउनुभयो।

जसमा भैरवले खड्ग, कुमारीले डमरु र ज्यापूँगले ज्यापूँग अर्थात् कपालको बिंया, अक्षता, ताय् भएको भाँडो हातमा लिएर विभिन्न तालमा विभिन्न हाउभाउ प्रस्तुत गर्दै नाच्ने परम्परा रहेको छ। प्राचीनकालमा मध्यपुर थिमि क्षेत्रका बासिन्दालाई भूतप्रेत, पिशाचले दु:ख दिएपछि तान्त्रिकमार्फत मानिसको शरीरमा भैरव, कुमारीको शक्ति प्रवेश गराई क्रोधित मुद्रामा टोलटोलमा नचाएपछि भूतप्रेत भागेकाले त्यसपछि यो नाच चल्दै आएको किम्वदन्ती रहेको छ। शास्त्रीय एवं तान्त्रिक विधिको प्रयोग गरी देवगणहरूको शरीरमा शक्ति प्रवेश गराई नाच नचाउने परम्परा हरेको नाचका व्यवस्थापक चन्द्रकृष्ण प्रजापतिले जानाकारी दिनुभयो।

त्यसै गरी देवासुर संग्राममा आधारित रहेर कलात्मक ढंगले तान्त्रिक विधिअनुसार नाचिने महाकाली नाच पनि थिमिमा प्रर्दशन गरिएको छ। १६ वटा देवी देवता र दैत्यहरूको प्रतीकका रूपमा देवगणहरूले नाच्ने यो नाचमा पनि दैवी शक्ति प्राप्त हुने जनविश्वास रहेको छ।

गाईजात्राको दिन राति अष्टमात्रिका र नागचा नाचसमेत प्रर्दशन गरिएको छ। अष्टमात्रिका देवीको प्रतीकमा रूपमा तान्त्रिक विधिअनुसार यो नाच नाचिन्छ। त्यस्तै भष्मासुर दैत्यका धार्मिक कथामा आधारित रहेर सञ्चालन हुने नागचा नृत्य पनि यहाँ प्रर्दशन गरिएको छ।





## ट्रिप क्यानडा

गायक रामकृष्ण ढकाल अर्का गायक जगदीश समालका साथ क्यानडा जाँदै।

PAGE3

## दोस्ती

नायिका नीता ढुंगाना र दीपाश्री निरौला अमेरिकामा।



# मायामा बाँधिए आर्यन र सृष्टि



आर्यन अधिकारी र सृष्टि श्रेष्ठ स्टारर फिल्म *बाँध मायाले*को ट्रेलर सार्वजनिक भएको छ। सार्वजनिक प्रोमोमा आर्यन र सृष्टिबीचको गहिरो प्रेमसँगै द्वन्द प्रस्तुत गरिएको छ।

उनीहरू फिल्ममा अर्जुन र श्रद्धाको भूमिकामा छन्। असोज ५ गते अल नेपाल रिलिजमा आउने फिल्मको प्रोमोमा आर्यन र सृष्टिसँगै नवनायक किशोर खड्का, कलाकार राजाराम पौडल, रवीन्द्रप्रताप सेन र विशाल चाम्लिङ पनि छन्। निर्देशक सवीर श्रेष्ठ प्रोमोले दर्शकको ध्यान तान्ने बताउँछन्। *बाँध मायाले*को टिजर र गीतपश्चात् प्रोमो सार्वजनिक गरिएको हो। फिल्मको थप २ गीत बाँकी रहेको निर्देशक श्रेष्ठले बताए। काइट्स इन्टरटेनमेन्टको प्रस्तुति रहेको फिल्म *बाँध मायाले*मा रामहरि धिताल र विभीषिका श्रेष्ठ निर्माता रहेका छन् भने सहनिर्मातामा महेन्द्र अधिकारी र केदार धिताल छन्। फिल्ममा अर्जुन पोखरेलको संगीत, बाबु श्रेष्ठको छायांकन र रोशन श्रेष्ठको द्वन्द्व निर्देशन रहेको छ भने कोरियोग्राफी कविराज गहतराज र रामजी लामिछानेले गरेका छन्।



## मलेसियाको गौरा पर्व कार्यक्रममा
# देउडा गायक नन्दकृष्ण

सुदूरपश्चिम समाज मलेसियाले मलेसियाको क्वालालाम्पुरमा गौरा पर्व विशेष कार्यक्रमको आयोजना गर्ने भएको छ। जसमा भाग लिनका लागि देउडा गायक नन्दकृष्ण जोशी मलेसिया पुगेका छन्।

गौरा पर्वको अवसरमा आयोजना हुने कार्यक्रममा मलेसियावासी, सुदूरपश्चिमेलीमा सांस्कृतिक मोह जगाउनका लागि आफू कार्यक्रममा सहभागी हुन लागेको जोशीले बताए। 'मलेसियामा गौरा पर्वका दिन (सोमबार) बिदा नहुने भएकाले गौरा पर्वको अघिल्लो दिन (आइतबार) नै हामी देउडा गाएर र खेलेर गौरा पर्व मनाउनेछौं र त्यहाँ गौरा माताको पूजाआजा हुनेछ। धेरै सुदूरपश्चिमेलीको बसोवास रहेको मलेसियामा गएर देउडा गाउँदा गौरा पर्व र संस्कृति विदेशमा फैलिने र संस्कृतिप्रतिको मोह बढ्ने हुनाले म निकै उत्साहित छु' -उनले भने।

२०३४ सालदेखि देउडा सक्रिय रहँदै आएका जोशीका हालसम्म २० देउडा गीतका एल्बम बजारमा आइसकेका छन्। उनी रेडियो नेपालका प्रतिष्ठित श्रेणीको देउडा गायक हुन्। देउडा गाएर गोरखा दक्षिणबाहु विभूषण पाउने उनी पहिलो गायक हुन् भने उनले पूर्वराष्ट्रपति रामवरण यादवबाट जनसेवाश्री पदवी पनि पाएका छन्। सम्मान र पुरस्कारले आफूमा अझ बढी जिम्मेवारी र हौसला थप्ने काम गरेको जोशीले बताए।

## पतिका लागि
# फिल्म छोडिन् ऐश्वर्याले

यतिबेला बलिउड नायिका ऐश्वर्या राय बच्चन घर परिवार तथा करिअरबीच सन्तुलन मिलाएर हिँडिरहेकी छिन्। त्यस कारण उनले धेरै फिल्ममा काम गरिरहेकी छैनन्।

जबकि उनलाई लिएर फिल्म बनाउन चाहने निर्माता निर्देशक धेरै नै छन्। उनलाई लिएर फिल्म बनाउन चाहने एक निर्देशक हुन् सञ्जय लीला भंसाली। ऐश्वर्या र सञ्जयबीच राम्रै ट्युनिङ रहेको छ। ऐश्वर्यालाई लिएर भंसालीले *हम दिल दि चुके सनम, देवदास* तथा *गुजारिस*जस्ता फिल्म बनाएका छन्। यी फिल्म नै ऐश्वर्याको जीवनका सफल फिल्म हुन्, तर भारतीय सञ्चार माध्यमका अनुसार हालै ऐश्वर्याले आफूलाई सफलताको स्वाद चखाउने सञ्जयको फिल्ममा काम गर्न अस्वीकार गरेकी छिन्।

लामो समयदेखि सञ्जय ऐश्वर्यालाई लिएर फिल्म निर्माण गर्न चाहन्थे, तर ऐश्वर्याले उनको फिल्म अस्वीकार गरेपछि उनीमाथि ठूलो झट्का लागेको छ। ऐश्वर्याले नायक पति अभिषेकका कारण सञ्जयको फिल्म अस्वीकार गरेकी हुन्। वास्तवमा ऐश्वर्याले पति अभिषेकको साथ फिल्म गुलाब जामुनमा काम गर्दै छिन्। उक्त फिल्म वास्तविक पति पत्नीले खेल्दा विशेष हुने भएकाले फिल्मका निर्देशकले उनीहरूलाई लिएका हुन्। यसैबीच उनलाई सञ्जयको फिल्मको प्रस्ताव आयो। दुवै फिल्मको सुटिङ पनि एकै समयमा हुने भएपछि उनले आफ्ना लागि *गुलाब जामुन*भन्दा सञ्जयको फिल्म राम्रो हुने भए पनि काम गर्न मानिनन्। किनकि फिल्म *गुलाब जामुन*बाट उनलाई पतिको गिर्दो करिअरले गति लिने आशा छ।





# विचार

यदि तिमी लोकप्रिय हुन
चाहन्छौ भने अरूमाथि
चाख राख, अरूको सुख-
दुःखको साथी बन।
– डेल कार्नेगी

मातृभूमिमा रहनेहरूबीच
उचनीचको असमानता हुँदैन, बरु
समानता धेरै हुन्छ।
– अथर्ववेद

## सम्पादकीय

नेपाल समाचारपत्र

### वार्ता नै दूरदर्शिता

मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार र राजधानीको मध्यभेगमा अवस्थित बागबजारको दूरी खासै टाढा छैन। तर, मुलुकलाई पुनः युद्धमा धकेल्ने गरी आफ्नै समिपमा भएको राजनीतिक प्रशिक्षणबारे सिंहदरबार बेखबर छ। अर्धभूमिगत शैलीमा आफ्ना गतिविधि गर्दै आएको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का शीर्ष कार्यकर्ताबीच प्रशिक्षण भइरहँदा सिंहदरबार यसबारेमा बेखबर बन्यो। नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको पार्टीका जिल्लादेखि केन्द्रीयस्तरका नेता प्रशिक्षणमा सहभागी थिए।


प्रशिक्षण गत बुधबार भएको थियो, सो पार्टीकै विद्यार्थी कार्यालयमा केन्द्र र जिल्ला तहका नेताहरूको जमघट थियो। प्रहरीले विप्लव समूहका पोलिट ब्युरो र विभिन्न तहका नेतालाई पक्राउ गरी कानुनी कारबाहीको दायरामा ल्याइरहेका बेला राजधानीमै भएको प्रशिक्षण अर्थपूर्ण छ। एकातर्फ कठोरभैंm देखिएको प्रशासन अर्कोतर्फ मौन हुनु रहस्यमय छ। सरकारले पार्टी महासचिव विप्लवसहित अन्य नेतालाई पक्रन सर्कुलर जारी गरेको र प्रवक्तासहित अन्य नेता कार्यकर्तामाथि धरपकड गरी सार्वजनिक अपराधको मुद्दा लगाएकाले विद्रोहका लागि बागबजारमा जमघट भएको सो पार्टीको एक नेताले दाबी गरेका छन्।

खाली हातले विद्रोह नहुने भएकाले सैन्य दस्ता तयार पार्न प्रशिक्षण आयोजना गरिएको र यस्तै प्रकृतिका गतिविधिलाई निरन्तरता दिने रणनीतिका साथ गृहकार्य अघि बढाएको बताइएको छ। अर्धसैनिक गतिविधि बढाउन जिल्ला तहका नेतालाई फरक–फरक जिल्ला र केन्द्रका नेतालाई पनि उपत्यकाबाहिर खटाएको दाबी गरिएको छ। उक्त पार्टीले संविधानसभा निर्वाचन र नयाँ संविधान लेखन स्थापित गर्न निर्वाचित भएको वर्तमान राज्य व्यवस्थालाई पनि संसदीय व्यवस्थाको संज्ञा दिँदै त्यसको अन्त्यका लागि क्रान्ति अनिवार्य रहेको दाबी गरेको छ। यसलाई सो पार्टीले एकीकृत जनक्रान्ति नाम दिएको छ।

२ वर्षअघि रोल्पाको थवाङमा भएको सो पार्टीको आठौं महाधिवेशनले संसदीय राज्यसत्ता फाल्नुपर्ने निर्णय गरेको थियो। आफ्नो पार्टीमा ७५ जना केन्द्रीय सदस्य र करिब १२ लाख संगठित कार्यकर्ता रहेको दाबी विप्लव पार्टीको छ । उक्त पार्टीले गत वर्षको स्थानीय, प्रदेश र संघीय निर्वाचन बहिष्कार गर्दै मुलुकका विभिन्न भेगमा बिस्फोट गराएको थियो। बिस्फोट आफ्नै नेतृत्वको पार्टीले गराएको नेकपाका नेताले स्वीकारेका थिए ।

सरकारले विप्लव समूहका पोलिट ब्युरो र विभिन्न तहका नेतालाई पक्रेर कानुनी दायरामा ल्याउने पहल गरिरहेका बेला सो पार्टीको गतिविधिलाई अझै गम्भीर भएर निहाल्न जरुरी छ। राजनीतिक समस्यालाई राजनीतिकरूपमा नै समाधान गर्न पहल गर्नुपर्दछ। तर, राजनीतिक आवरणमा हुने विस्फोट र अन्य हिंसात्मक आपराधिक गतिविधिलाई प्रश्रेय दिन भने हुँदैन। यदि समस्या राजनीतिक नै हो भने वार्तामार्फत निकास खोज्नुमै दूरदर्शिता हुनेछ।

# सन्दर्भ करराजका कर र सत्मार्ग प्रेरक संस्कृतिको



**मुक्तिबन्धु**

हुन त अहिले बिमस्टेकको कुरा गर्नुपर्ने। छिमेकका माननीय शक्तिशाली प्रधानमन्त्री नरेन्द्र मोदीका ठानमान र सानको कुरा गर्नुपर्ने। हाम्रै संघीय राजधानीका सडकहरूमा सत्यलाई ढपक्क छोपेर असत्य टल्काएको कुरा गर्नुपर्ने। बिमस्टेकका सुपरिचित पाहुनाहरूलाई अनावश्यक स्वागत तामझाममा राष्ट्रिय ढुकुटी अरू रित्याएको कुरा गर्नुपर्ने। सत्तासीनहरूका पराकाष्ठागत छल-छद्‌मभावको कुरा गर्नुपर्ने। यसरी गर्नुपर्ने कुरा अनगिन्ती भएर पनि आजको लेखनमा पुनः त्यही करकापे करकै कुराले प्राथमिकता पाएको छ। किन ? किन भने हाम्रो जस्तो बेरोजगार र नाममात्रका रोजगार तन्नम् गरिब अतिसङ्‌ख्यक रहेका मुलुकमा कर राजीखुसीको कुरा हुन सक्दैन। ऋण काढेर कर तिर्नुपर्ने जनहैसियत रहेको मुलुकमा सत्तासीनका विलास वैभव तथा ठानमानका लागि उठाइने कर राजीखुसीको कुरा हुन सग्दैन। यस्तो स्थितिमा कर साँच्चिकै करकापको कुरा मात्र हुन सक्छ। करकापको सीमान्त भएर नै सीमान्त गरिबीका नेपाली जनताले आफ्ना प्रिय प्रधानमन्त्रीको नाम करप्रसाद बनाए। करप्रसाद अर्थात् गरिब जनतालाई चौतर्फी धराप थापेर कर तिराउन पाउँदा प्रसन्न हुने प्रधानमन्त्री। संस्कृत भाषाका सर्वमान्य कोषकार नेपाली विद्वान् अमरसिंह शाक्यका अनुसार 'प्रसाद' को शब्दार्थ प्रसन्नता नै हो। 'प्रसादस्तु प्रसन्नता' (अमरकोष)।

मुलुकमा समग्र जनताका लागि निःशुल्क स्वास्थ्य सुविधाको व्यवस्था आज पनि छैन। जनताका बालबालिकाका लागि यथेष्ट, सर्वसुलभ र निःशुल्क शिक्षाको व्यवस्था छैन। युवा तथा प्रौढ नागरिकका लागि हात-मुख जोर्न योग्यतानुसार रोजगारीको व्यवस्था छैन। आबालवृद्ध सबैका लागि अनिवार्यरूपमा आवश्यक सुरक्षा व्यवस्थासम्म पनि छैन। रात, साँझ र दिउँसै पनि सग्लै जिउँदै घर फर्कने प्रत्याभूतिका साथ ढुक्क भएर घरबाट बाहिर निस्कन नसकिनुभनेको जनताका लागि एक किसिमको कालरात्रि नै हो। यस्तो कालरात्रिका बीच बल्लतल्ल जिउ जोगाएर बाँचिआएका जनताले विकसित मुलुकका सर्व-सुविधासम्पन्न जनताकै मनोविज्ञानमा उत्रेर हाँसीखुसी कर तिरुन् भन्ने कामना गर्नु र दृष्टान्त दिँदै हिँड्नु शासकीय प्रहसन नै होइन र ? जहाँ जनता आफ्ना बालबालिकाको शिक्षा सुरक्षामा ढुक्क छन्। हावापानी र खाद्यवस्तुमा प्रदूषण नियन्त्रित छ। कथम् कदाचित् रोग लागे पनि आत्तिनुपर्दैन। उपचार खर्च सबै सरकारले बेहोर्छ। ती मुलुकका जनताले हाँसीहाँसी कर तिरेको दृष्टान्त नेपालमा पस्कन मिल्छ ? जहाँ जागिर पाउन बहालवाला मन्त्रीको सालासाली हुनुपर्छ। जहाँका लाखौंलाख युवा स्वदेशमा राजगारी नपाएर त्यसै रोजगारीको चक्करमा भौंतारिँदै खाडी मुलुकतिर भास्सिएका छन्। मानवतस्करको खेलाँचीका शिकार भएर कति त्यतै मक्किएका छन्, कति सक्किएका छन्। कति उकुसमुकुसमा छन्। कति युवती बेचिँदै नरकतिरको निकासीमा परेका छन्। कति महिला, बालबालिका स्वदेशमै पनि अप्रत्यक्ष बेच-विखन र हत्या-बलात्कारको शिकार बनेका छन्। जहाँ भूमिस्थ खास जनतालाई दिनभरि घामपानी नभनेर दौडधूप गर्दा, असिनपसिन भएर मेहनत गर्दा रातको गाँस टार्न धौ-धौ छ। यस्ता जनताबाट पाइला-पाइलामा कर असुल्न तम्सनु सरकारको लोकतान्त्रिक व्यवहार मानिन सक्छ र ? यी यस्ता कुरा शेरबहादुर प्रवृत्तिले त बुझ्‌दैबुझ्‌दैन। अस्तितिर थोत्रो चप्पल सडकमा छाडेर हिजो मात्र जुत्ता फेर्दै महल पसेका क्रन्तिकारी राजनेताहरू पनि किन बुझ्‌दैनन् ?

जनताका पनि आँखा र कानहरू छन्। मन मस्तिष्क छ। आफूले तिरेको करको सदुपयोग र दुरुपयोगबारे जनता जान्न बुझ्न चाहन्छन्। देख्न सुन्न चाहन्छन्। जो देखेका छन्, त्यो नितान्त प्रत्युत्पादक छ। हृदयविदारक छ। यहाँ निर्माणका ठेकेदारहरूले पैसा पचाएर निर्माण अलपत्र छाडेका छन्। सुरक्षाका जिम्मेवारहरूले जनताका बालबालिकाको सुरक्षालाई समेत पनि प्रहसन बनाएका छन्। सुरक्षा स्वयम्‌मा लावारिस देखिएको छ। करका नाममा आफ्नो रगतपसिना निचोरेर तिरिआएका जनताले त्यसै करबाट जनप्रतिनिधिहरूले महँगा गाडी किनेर हरन बजाउँदै पदाति जनतालाई थर्काउँदै बाटो नछोड्दै सान दिएर गुडाएको देख्दा जनसहनशीलताको पारो कहाँ पुग्छ ? गरिब मुलुकका जनतालाई एकातिर सङ्‌घीयताको गलगाँड झुन्ड्याइदिएको छ। गलगाँडले जनताका घाँटीका नसा तान्छ कि तान्दैन ? गलगाँड बेहोर्नु कसलाई प्रिय लाग्छ ? हाम्रो मुलुकको भौगोलिक लघुताका अनुपातमा सङ्‌घीयता साँच्चिकै गलगाँड हो, अतिरिक्त बोझ हो। हामी गरिब जनतालाई बोझ नपुगेको थियो र ? पेट स्वयंमा बोझ हो। गरिबका लागि परिवारका पेटहरू पनि बोझ हुन्। गरिबी, असुरक्षा, बेरोजगारी, अभाव, एकसेएक बोझिला भारीहरू छन्। भारैभारले थिचिएका जनतालाई सङ्‌घीयताका गलगाँड थप भारका रूपमा आइलागेका छन्। विदेशीलाई रिझाउन जनताका गर्धन र घाँटीमा झुन्ड्याइएको यो भार अहिले आएर जनप्रतिनिधिहरूको विलासी सुविधा सम्पन्नताका लागि जनताको थाप्लोमा थप करभारका रूपमा प्रकट भएको छ। गरिब जनताले थाप्लो थापेर बोक्नुपर्ने जनप्रतिनिधिहरूको सङ्‌ख्या विशाल छ। सयौंबाट हजारौं हुन पुगेका छन्। तिनका स्वैच्छिक आवश्यकता विशाल छन्। महत्त्वाकाङ्‌क्षा विशाल छ। सबै राजकीय थानमान चाहन्छन्। ती सबका महत्त्वाकाङ्‌क्षा पूरा गर्ने अभिभारा गरिब, असुरक्षित, बेरोजगार र निमुखा जनताले थेग्नुपर्ने लोकतन्त्र कस्तो लोकतन्त्र ? यसलाई लोकतन्त्र नभनेर हामी जनताले करतन्त्र भन्यौं भने अत्युक्ति होला र ?

गरिबका लागि लड्दै छौं भन्ने गरिब तर चतुर राजनेताहरू गरिबलाई गरिबै छाडेर आफू करोडौंको मालिक साहुजी बन्न पुगेका हामीले देख्यौं, देखिरहेका छौं। तर, ती साहुजीहरू विवेकशील भएका देखेनौं। बूढापाकाहरू भन्थे- सम्पत्तिसँगै विवेक पनि भयो भने मानिस धमिरा बन्दैन। विवेक भएन भने जुनसुकै रंगको होस् मानिस जनजीवन चिथोर्न सल्किने भयंकर धमिरा बन्छ। हामी आज तिनै धमिरा बेहोरिरहेका त छैनौं ?

हामी जनतालाई कर तिराइको साथै यसको दुरुपयोगको चिन्ता पनि हो। जनप्रतिनिधिहरूलाई विलासी गाडी, विलासी महल र विलासी सुख-सुविधा हामी भोकानांगा जनताका मनमस्तिष्कमा पचेको छैन। बाटोघाटोमा जनप्रतिनिधिहरू देख्दा भेट्दा भयंकर हट्‌ठाकट्‌ठा हिंस्रक हुँडार भेटेजस्तो लाग्यो भने जनताका लागि यो खुसीको कुरा हुन सक्दैन। के जनताका प्रतिनिधिहरूको खानपान ठानमान रहनसहन सबै विगत इतिहासका राणा भारदारहरूको जस्तै हुनुपर्छ ? के आजको लोकतन्त्र पनि भारदारतन्त्र नै हो ? यसैका लागि जनताले ज्यान दिएका हुन् ? प्रश्नहरू गरिब जनताका छातीमा भक्कानिएका छन्।

जनतालाई पटक्कै चित्त नबुझेको अर्को कुरा के पनि छ भने, एकपटक राजसी खानपान, ठानमान र सान सुविधासहितको सत्ताको ठूलो पदमा पुगेर, पदीय भोगविलास आनन्दको कुस्त भोगचलन गरेर बल्ल-बल्ल अवधि सकिएका भूतपूर्वहरूलाई स्वावलम्बी बनेर इज्जतको जीवन बाँच्न किन दिइँदैन ? तिनीहरूलाई अनन्त कालसम्म परजीवी बनाएर किन सीमित राखिन्छ ? यसो गर्दा तिनीहरूको ज्ञान, गुण दक्षता सबै संशयको घेरामा पर्दैनन् र ? अमेरिका जस्ता मुलुकमा पनि राष्ट्रपतिले आफैं काम गरेर जीविका चलाएका समाचार सुनिन्छन्, पढिन्छन्। स्वावलम्बनको मार्गदर्शक सच्चरित्रमा हामी मात्र किन पछि पर्ने ? कुरा यहाँ राष्ट्रपति, उपराष्ट्रपतिको मात्र छैन प्रधानमन्त्री, गृहमन्त्री आदि इत्यादिका पनि छन्। खास-खास हाकिमहरूको पनि कुरा छ। जनताका शिरबाट बल्ल-बल्ल पृथ्वीमाताका काखमा ओर्लन आइपुगेका महामहिम भूतपूर्वहरूलाई सुखशयलका महँगा गाडी, आवास, खानपान र सानको बन्दोबस्त उपलब्ध गराउनेलगायतका अनावश्यक व्ययभारको बोझ पनि गरिब जनताले पुनः थरी-थरीका कर तिरी आफ्नै थाप्लोमा बोकिरहनुपर्छ र ? हाम्रा महिमाशाली भूतपूर्वहरूलाई आफ्नै घर-परिवारमा सहकारी तथा स्वाभिमानी आचरणका साथ जनजीवनसित घुलमिल हुँदै आफ्ना अनुभव साटासाट गर्दै सरल जीवन बाँच्ने अवसर दिनु अलोकतान्त्रिक हुन्छ र ?

अपव्ययको मात्र कुरा छैन। कुरा यहाँनिर संस्कार संस्कृतिको पनि छ। परजीवी संस्कृतिलाई हाम्रा पूर्वजहरूले किर्ना संस्कृति भनेका छन्, ऐंजेरु संस्कृति भनेका छन्। परजीवी संस्कृतिका तुलनामा स्वाधीन, स्वावलम्बी र स्वाभिमानी संस्कृति उत्कृष्ट होइन र ? वर्तमान र भविष्यका नेपालीसमेतलाई स्वाधीनता, स्वावलम्बन र स्वाभिमानको सांस्कृतिक शिक्षा दीक्षा र मार्गदर्शक प्रेरणा दिनु हाम्रा महिमाशाली भूतपूर्वहरूको दायित्व पनि होइन र ? हामी र हाम्रा सन्ततिले हाम्रा गणतन्त्रारम्भ चरणका शीर्ष राजनेता राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, मन्त्री र उच्च पदस्थ हाकिमहरूका जीवन चरित्रलाई सांस्कृतिक पाठ्य बनाउने कि नबनाउने ? भूतपूर्व महामहिमहरूको चरित्रबाट वर्तमान र भावी पुस्ताले मार्गदर्शन लिने कि नलिने ? प्रेरणा लिने कि नलिने ? लिए कस्तो प्रेरणा लिने ? प्रेरणा त सरल जीवन र उच्च विचारसहितका स्वावलम्बी स्वाभिमानी उज्याला झलमलाउँदा चरित्रहरूबाट मात्र लिन सकिन्छ, हैन र ? मानव सभ्यताअन्तर्गत उज्याला असल संस्कार र संस्कृतिका विकासमा त्यस्तै उज्ज्वल चरित्रहरूकै योगदान रहिआएको छ। यसै आधारमा मानवताको भविष्य उज्यालो छ।

यसैले सवाल करको मात्र हैन। सवाल संस्कृतिको पनि हो। संस्कृतिकै सवालबाट पनि आज हामी जनता भुटभुटिएका छौं। हामीले असल मार्गदर्शक चरित्र खोज्न कहाँ जाने ? मोडल व्यक्तित्व खोज्न कहाँ जाने ? हामी जनतालाई यस्ता सवालमा कहिले त छाती पिटेर रुन आउँछ।

थाहा छ, रोएर यस्ता सांस्कृतिक समस्या समाधान हुँदैनन्। बिन्ती सुनेर अविवेकीहरू विवेकी पनि हुँदैनन्। समस्याका सही समाधानका लागि त जनताले मुट्‌ठी कसेर उठ्नै पर्छ र सडकमा निस्केर हुंकार्नै पर्छ। हाम्रोजस्तो मुलुकमा संस्कृतिक क्रान्ति अब लरतरो आवश्यकता रहेन। आशा गरौं, जनता फेरि सडकमा उत्रन नपरोस्।

> हाम्रो मुलुकको भौगोलिक लघुताका अनुपातमा सङ्‌घीयता साँच्चिकै गलगाँड हो, अतिरिक्त बोझ हो। हामी गरिब जनतालाई बोझ नपुगेको थियो र ? पेट स्वयंमा बोझ हो। गरिबका लागि परिवारका पेटहरू पनि बोझ हुन्। गरिबी, असुरक्षा, बेरोजगारी, अभाव, एकसेएक बोझिला भारीहरू छन्। भारैभारले थिचिएका जनतालाई सङ्‌घीयताका गलगाँड थप भारका रूपमा आइलागेको छ।

## पाठक पत्र

### शान्ति सुरक्षा कायम होस् सरकार

पछिल्लो समय मुलुकको शान्ति सुरक्षामा चुनौती बढेको छ। एकपछि अर्को गर्दै हत्या, हिंसा र बलात्कारका घटना बढेर गएका छन्। समाजलाई नै आतंकित बनाउने खालका घटना बढोत्तरी हुँदै जानु चिन्ताको विषय हो। एकै प्रकृतिका आपराधिक घटना शृंखलाबद्धरूपमा दोहोरिँदै जाँदा पनि गृह प्रशासनले सुरक्षा संवेदनशीलता अपनाउन सकेको देखिँदैन। गृह प्रशासनले आपराधिक घटना रोकथाम तथा निरूत्साहित गर्न नसकेको र आवश्यक अनुसन्धानमा पनि चुकेको अनुभूति भइरहेको छ।

खास गरी बालिका तथा किशोरीमाथि देशभर भइरहेका जघन्य बलात्कार, सामूहिक बलात्कार तथा बलात्कारपश्चात् हत्याका कहालीलाग्दा दृश्यले मुलुकलाई नै गम्भीर मोडमा पुऱ्याएको छ। कञ्चनपुरको भीमदत्त नगरपालिकाकी निर्मला पन्तको बलात्कारपश्चात् हत्या प्रकरण मत्थर नहुँदै विभिन्न जिल्लामा उस्तै प्रकृतिका घटनाका समाचारहरू सञ्चारमाध्यममा सार्वजनिक भइरहेका छन्। कञ्चनपुरको घटना सेलाउन नपाउँदै राजविराज, कास्की, मोरङमा उस्तै प्रकृतिका घटना दोहोरिए। बेलबारी नगरपालिका-५ मोरङकी ७० वर्षीया वृद्धा छोरीको घर गएका बेला बलात्कारबाट पीडित बनिन्। प्रायः बलात्कारका घटनामा आफन्त र चिनजानकै व्यक्तिको संलग्नता रहने गरेको देखिएको छ। पछिल्लो समय नागरिकको दैनिक जीवनसँग जोडिने गृह प्रशासनप्रति आमसर्वसाधारणमा निराशाको स्थिति पैदा भएको छ।

कञ्चनपुरको निर्मला हत्या प्रकरणमा प्रहरीको फितलो र अपत्यारिलो अनुसन्धानले समाजमा विश्वासको संकट उत्पन्न गरेको छ। अपराधीलाई उन्मुक्ति दिन मानसिक अवस्था ठीक नभएको व्यक्तिलाई सार्वजनिक गरेको आरोपमा नागरिक स्वतःस्फूर्त आन्दोलनमा उत्रिए। झडपका क्रममा एक बालकले ज्यान गुमाए। प्रशासनले कर्फ्यु नै लगाउनुपर्ने स्थिति उत्पन्न भयो। कञ्चनपुर घटनामा प्रहरीको कार्यशैलीले मुलुकको शान्ति सुरक्षाप्रति आमनागरिकको भरोसासमेत गुम्दै गएको छ।

नेपाल विश्वमै सुरक्षित गन्तव्य मानिए पनि मुलुकको खस्किँदो शान्ति सुरक्षाको स्थितिले अन्तर्राष्ट्रिय जगत्‌मा नकारात्मक असर पर्ने सम्भावना पनि बढेर गएको पछिल्ला आपराधिक घटनाले देखाएका छन्। देशभर भइरहेका बलात्कार तथा हत्याका घटना विश्लेषण गर्दा सरकारविहीनताकै अवस्था प्रतीत भइरहेछ। सर्वसाधारणमा सुरक्षाको प्रत्याभूति हुन नसक्नु भनेको गृह प्रशासन कमजोर हुनु हो। यसले समग्र सरकारकै कार्यक्षमतामाथि गम्भीर सवाल उत्पन्न हुन्छ।

शान्ति सुरक्षाको भरपर्दो स्थिति नरहेको कुरा प्रधानमन्त्री केपी ओलीले नै स्वीकार गरिसकेका छन्। नागरिकको पहिलो भरोसा प्रहरी प्रशासन नै हो। तर, प्रहरीको भूमिकामाथि नै शंकाको अवस्था सिर्जना हुँदा नागरिकको आशा र अपेक्षा मर्नु अस्वाभाविक होइन। पछिल्ला केही प्रकरणमा प्रहरीले अनुसन्धान गर्न चुकेको र विधिको शासनभन्दा अलग ढंगले काम-कारबाहीमा उत्रिएको कारण जनविश्वास गुमाएको अनुभव गरिएको छ।

गृह प्रशासनले आफ्नो संयन्त्रलाई राम्रोसँग परिचालन गर्न र समन्वयको अभावलाई चिर्न नसक्दा सरकारप्रति नकारात्मक भावना बढेर गएको छ। गृह मन्त्रालयले आपराधिक घटनाका विषयमा सुरक्षा संवेदनशीलता देखाउन सक्नुपर्छ। बलात्कार र हत्याहिंसाको विरूद्धमा नागरिकले सडकमा दिनहुँ प्रदर्शन गरिरहेका छन्। सरकारले यसलाई आफूविरूद्धको विरोधका रूपमा मात्रै लिनु गल्ती हुनेछ। निर्दोषहरू त्रसित हुनुपर्ने र अपराधीले उन्मुक्ति पाउने अवस्था आयो भने न्यायपूर्ण समाजको कल्पना गर्न सकिँदैन। सरकारको पछिल्लो रवैया हेर्दा झिनामसिना कुरामा भूमिका बढाउने तर मुलुकको शान्ति सुरक्षाप्रति गम्भीर नहुने प्रवृत्ति देखिन्छ। नागरिकको सुरक्षाका लागि संवेदनशील सरकार र गृह प्रशासनप्रति सबैको विश्वास र भरोसा जगाउन प्रहरीको व्यावसायिकतामा जोड दिँदै घटनाहरूको सत्यतथ्य सार्वजनिक गर्नतर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

*- प्रविन वैद्य, काठमाडौं।*

### यसरी भइएको छ गरिब

अहिले नेपाललाई कृषिप्रधान देश भनेर उल्लेख गरिनु गलत सावित हुन सक्छ। कृषिप्रधान भनिएको मुलुकले एक वर्षमा भारत र तेस्रो मुलुकबाट एक खर्ब ६ अर्ब ४२ करोडभन्दा बढीको कृषिजन्य वस्तु आयात गरेर कृषिप्रधान देशको पटाक्षेप गरेको छ। भन्सार विभागको तथ्यांकले कृषिमा परनिर्भरता निकै बढेको देखाएको छ। स्वदेशमै उत्पादन हुने धान, मकै, गहुँ, फापर, तरकारी, फलफूल, जिउँदो जनावर, माछाजन्य पदार्थ, दुग्धजन्य पदार्थ, खाने तेललगायतका वस्तुको आयात अत्यधिक बढेको छ। रासायनिक मलमात्रै १५ अर्ब रुपियाँको आयात गरिएको छ। यस्तै दाल, मसला, घ्यूलगायतका वस्तुको आयात पनि उच्च दरमा बढेको छ।

आत्मनिर्भर बन्न सक्ने कृषि उपजमा पनि परनिर्भरता बढ्दै जानु दुर्भाग्यकै विषय हो। नेपालमा कृषि भूमिहरू उजाड र बाँझो पल्टिँदै गएका छन्। कृषियोग्य जग्गा बर्सेनि बाँझो हुने क्रम बढ्दो छ भने जग्गा प्लटिङ गरी घडेरीका रूपमा खण्डीकरण गर्ने शृंखलाले पनि परनिर्भरता बढाएको छ। दक्ष जनशक्ति विदेश पलायन हुनु, खेतीयोग्य जमिनमा सिँचाइ नहुनु, कृषि उत्पादनको लागत खर्च बढ्नु, रेमिट्यान्सको प्रभाव र क्रयशक्तिका कारण कृषिजन्य वस्तुको आयात बढ्ने गरेको पाइन्छ।

दुःखको कुरा, वि.सं. २०४० सम्म नेपालले भारत र तेस्रो मुलुकमा कृषिजन्य वस्तु निर्यात गर्ने हैसियत राख्थ्यो। तत्कालीन समयमा सरकारले भारत, बंगलादेश, चीन, मलेसिया, कोरिया, जर्मनी, अमेरिकालगायतका मुलुकमा धान-चामल निर्यात गर्ने गर्दथ्यो। यो कुरा अहिले स्मरण गर्दा एकादेशको कथाजस्तै लाग्छ। उपभोग गरेर बचेको धान-चामल निर्यात गरेर आव ०३५/३६ मा २४ करोड ३९ लाख रुपियाँ आर्जन गरेको नेपालले अहिले २९ अर्ब ३६ करोड ३६ लाख रुपियाँको धान-चामल आयात गरेर परनिर्भरतामा कीर्तिमान रचेको छ।

नेपालमा धान उत्पादनमा हुने उतारचढावले कुल गार्हस्थ उत्पादनमा प्रत्यक्ष प्रभाव पार्ने गर्दछ। देशको कुल गार्हस्थ उत्पादनमा धानको योगदान जम्मा ७ प्रतिशत मात्रै छ। नेपालमा कुल क्षेत्रफलको ४७.७ प्रतिशत जमिनमा धानखेती हुँदै आएको छ। सरकारले आगामी ५ वर्षभित्रमा मुलुकलाई आत्मनिर्भर बनाउने घोषणा गरेको छ। हाल ५२ लाख ३० हजार ३ सय २७ मेट्रिक टनबाट ८६ लाख ७९ हजार ५ सय ४० मेट्रिक टन धान उत्पादन गर्ने महत्त्वाकांक्षी योजनासमेत सरकारले लिएको छ।

आत्मनिर्भरता बढाउन सरकारले कृषिमा लगानी बढाउने, कृषकलाई प्रोत्साहन गरी कृषिमा आधारित विभिन्न योजना तर्जुमा गरी बेरोजगार युवालाई स्वदेशमै आकर्षित गर्न सक्नुपर्छ। कतिपय स्थानीय तहले जग्गा बाँझो राख्नेलाई जरिवाना गर्ने नियम लागू गरेका छन्। यो सकारात्मक प्रयास हो। कृषकलाई अनुदान दिई जग्गा बाँझो राख्ने प्रवृत्ति रोक्न सकिए कृषि उत्पादन बढ्ने अपेक्षा गर्न सकिन्छ। तरकारी र फलफूलमा मात्रै देशको करिब १२ अर्ब रुपियाँ बाहिरिएको परिप्रेक्ष्यमा कृषि तथा तरकारीमा मात्रै आत्मनिर्भर हुन सके पनि अरबौं रकम देशको विकासमा लगाउन सकिन्छ। युवालाई व्यावसायिक तरकारी तथा फलफूलखेतीमा आकर्षित गरेर सरकारले आयात न्यूनीकरण गर्नु जरूरी देखिन्छ।

*- दीपेन्द्र पाण्डे, बल्खु, काठमाडौं।*

## सामाजिक सञ्जाल




घरमा गाईको गोबरले लिपेको लिप बरू सुन्दर र टिकाउ हुन्छ तर यो बिमस्टेकको काम बाइ-मिस्टेक जस्तै भएको छ।

**Dipak Karki**
**@dipakkrk**



प्र.म.ज्यू, निर्मला बलात्कार एवं हत्याकाण्डमा प्रहरीले नै प्रमाण नष्ट गर्ने यति गम्भीर कुरा बाहिर आइसकेपछि घटनाको ढाकछोप गर्न लागेका प्रहरीहरूमाथि नै छानविन गऱ्यो भने अपराधी तुरून्तै पत्ता लाग्ने देखियो।

**Dhan Raj Gurung**
**@dhanrgrg**



छोरीलाई चन्द्रमा जस्तो कहिल्यै नबनाउनू हर-कोहीले घुरेर हेरोस्, छोरीलाई सूर्य जस्तो बनाउनू ताकि कुनियतले घुरेर हेर्नुभन्दा पहिला उसको नजर झुकोस् अनि ऊ आफैं भस्म होस्।

**जिजुविषा**
**@ashok604**

नेपाल र भुटानकै कुरा गर्ने हो भने आर्थिक र अन्य योगदान समान नहुन सक्छ। तर कुनै मुलुकको आर्थिक र अन्य योगदान बढी छ भन्दैमा सबैले सो मुलुकको प्रभाव स्वीकार्नुपर्छ भन्ने हुँदैन। निर्णय प्रकृया अन्तर्राष्ट्रिय अभ्यास अनुशरण गर्नुपर्छ, राजनीतिक प्रभाव देखिनुहुँदैन।

# 'बिमस्टेकमा राजनीतिक प्रभाव देखिनुहुन्न'

## डा. राजन भट्टराई, परराष्ट्र मामिलाका जानकार

'बिमस्टेक ग्रीड इन्टरकनेक्सन' सम्बन्धी समझदारीपत्र हस्ताक्षर गर्दै बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) को चौथो शिखर सम्मेलन शुक्रबार सम्पन्न भएको छ । ऊर्जा केन्द्रलाई शीघ्र सञ्चालन गर्ने, बिमस्टेक कोष, बडापत्र, सचिवालयको संस्थागत सुदृढीकरण, कनेक्टिभिटीजस्ता पक्षलाई जोड दिँदै १८ बुँदे घोषणापत्रका साथ सम्मेलन समापन भएको छ । काठमाडौं सम्मेलन र सम्मेलनले आगामी दिनमा तय गर्ने मार्ग र परिणामका बारेमा केन्द्रित रहेर *नेपाल समाचारपत्र*का लागि **टीका बन्धन**ले परराष्ट्र मामिलाका जानकार **डा. राजन भट्टराई**सँग गरेको कुराकानीको सारसंक्षेप ।



**सम्मेलनलाई कसरी नियाल्नुभएको छ ?**

विगतका सम्मेलनसँग तुलना गर्दा यो सम्मेलन सफलका रूपमा लिएको छु। खास गरी यो सम्मेलनले 'बिमस्टेक ग्रिड इन्टरकनेक्सन' सम्बन्धी समझदारीपत्र हस्ताक्षर भएको छ भने सचिवालयको संस्थागत विकास, बडापत्र, कोष खडा गर्न कार्यक्रमका खाका अघि सारेको छ। उर्जा सम्झौतासँगै नेपाल उत्पादित विद्युत् अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्नका लागि औपचारिक बाटो खुला भएको छ। कनेक्टिभिटीका विषयमा सबै सदस्यहरू एक मत छन्, सबैले यो विषयलाई जोड दिएका छन्। यातायात र सम्पर्क विस्तारसम्बन्धी गुरुयोजनालाई छिट्टै अनुमोदन गर्ने सडक, जल, रेलमार्ग, हवाई मार्गको विस्तृत खाका तयार गर्नेबारेमा सहमति भएको छ। भारतसहित केही सदस्य राष्ट्रले विभिन्न किसिमका प्रस्ताव अघि सारेका छन्।

**अन्य मुलुकको तुलनामा भारतले केही नयाँ प्रस्ताव ल्याएको छ। नयाँ प्रस्तावसँगै बिमस्टेकमाथि उसले प्रभाव जमाउन खोजेको पूर्वसंकेत त होइन ?**

अवश्य पनि स्रोतसाधन बढी भएका र आर्थिक रूपमा सवल सक्षम रहेका मुलुकहरूले क्षेत्रीय र अन्तर्राष्ट्रिय फोरमहरूमा आफ्नो प्रभाव देखाउन खोज्छन्। यो स्वभाविक हो। संयुक्त राष्ट्रसंघ, विश्व बैंकजस्ता निकायको कुरा गर्ने हो भने अमेरिका र आर्थिक रूपमा सबल रहेका अन्य ठूला मुलुकको प्रभाव रहँदै आएको छ। यता बिमस्टेक आवद्ध देशको कुरा गर्दा भारत, थाइल्यान्ड अन्य मुलुकभन्दा सबल र सक्षम छन्। ती मुलुकबाट नयाँ प्रस्ताव आउनु स्वभाविक हो। नेपाल र भुटानकै कुरा गर्ने हो भने आर्थिक र अन्य योगदान समान नहुन सक्छ। तर कुनै मुलुकको आर्थिक र अन्य योगदान बढी छ भन्दैमा सबैले सो मुलुकको प्रभाव स्वीकार्नुपर्छ भन्ने हुँदैन। निर्णय प्रकृया अन्तर्राष्ट्रिय अभ्यास अनुशरण गर्नुपर्छ, राजनीतिक प्रभाव देखिनुहुँदैन। चौथो सम्मेलनले राष्ट्रसंघ र अन्य क्षेत्रीय निकायका अभ्यास अनुशरण गर्ने, क्षेत्रीय निकायहरूसँग हातेमालो गर्ने पक्षलाई पनि जोड दिएको छ।

**सार्क र बिमस्टेक लगभग उस्तै प्रकृतिका क्षेत्रीय संगठन भए पनि भारतीय प्रभावमा सार्क ओझेलमा परेको भन्ने चर्चा पनि हुन थालेको छ। यस बारेमा के भन्नुहुन्छ ?**

सार्क ओझेलमा पारियो भन्ने चर्चा हुने गरेको छ तर कतिले बुझेर भन्ने गरेका छन् कतिपयको बुझाइ परिपक्व छैन। बिमस्टेक स्थापना हुनुअघि नै सन् १९८५ मा सार्क स्थापना भइसकेको थियो। सार्कले सशक्त क्षेत्रीय निकायको पहिचान बनाइसकेको थियो। बिमस्टेक सन् १९९७ मा स्थापना हुँदै गर्दा त्यसले सार्कका गतिविधिलाई प्रभाव पार्छ भन्ने चर्चा भएकै थिएन। नेपालले सन् २००४ मा बिमस्टेकको सदस्यता प्राप्त गर्दा पनि त्यस्तो चर्चा र बहस भएन। मुख्य कुरा के हो भने सार्क र बिमस्टेकका आ-आफ्नै उद्देश्य छन्, आ-आफ्नै प्राथमिकता क्षेत्र छन्। तर बिमस्टेकको विकल्प सार्क हुन सक्दैन, त्यसरी बुझ्न हुँदैन।

**नजिकको छिमेकी पाकिस्तानलाई पाखा लगाउँदै बिमस्टेक अघि बढ्नु कति उपयुक्त हुन्छ ?**

बिमस्टेकमा पाकिस्तान मात्रै होइन, सार्क संगठनभित्रका अफगानिस्तान र माल्दिभ्स पनि छैनन्। अफगानिस्तान र पाकिस्तानसँगै जोडिएका इरान, ताजाकिस्तान, उज्वेकिस्तान, तुर्कमेनिस्तानसँगै चीन पनि हामीनजिकै छ। नजिकैभए भन्दैमा सबै मुलुकहरू एउटै संगठनमा अटाउँछन् भन्ने होइन। बंगालको खाडी आसपासका मुलुकहरूको धेरै समान एजेन्डा, वैदेशिक व्यापार समुद्रमार्गसँग जोडिएकाहरूको क्षेत्रीय निकाय बिमस्टेक हो। यातायात, पूर्वाधार, अन्तर्राष्ट्रिय व्यापार, जनजनको सम्बन्ध, प्राकृतिक प्रकोप, कृषि, स्वास्थ्य, प्रविधिजस्ता विषयमा साझेदारी गर्दा उपयुक्त हुने ठहर गर्दै बिमस्टेक अगाडि आएको हो। तर सार्कलाई पनि सशक्त ढंगले अघि बढाउनुपर्छ, सार्क र विमस्टेकका आ-आफ्नै आधारभूत मान्यता र प्राथमिकता क्षेत्र छन्।

**२१ वर्षको अवधिमा बल्ल चौथो सम्मेलन गर्न सफल भएको अनि केही वर्षअघि मात्रै सचिवालय बनाएको बिमस्टेकले परिणाम चाहिँ कहिले दिएला ?**

बिमस्टेकको विगतको अवस्था नियाल्दा तत्कालै परिणाम प्राप्त भइहाल्छ भन्ने कुरा विश्वास गर्न सकिन्न। २१ वर्ष भनेको लामो अवधि हो, तर चौथो सम्मेलनसम्म आइपुग्दा बिमस्टेकले विगतका कमिकमजोरी औंल्याउने प्रयास गरेको छ। प्राथमिकता क्षेत्रलाई घटाउने, विषय मिल्ने क्षेत्रलाई एक आपसमा गाभ्ने आवश्यकता औंल्याइएको छ। क्षेत्रीय सहकार्यको नतिजा प्राप्त गर्न समय लाग्छ कुनै एक वा दुई मुलुकको प्रतिवद्धताले मात्रै हुँदैन। काठमाडौं सम्मेलनले विगतका निर्णयको समीक्षा गर्दै एजेन्डा कार्यान्वयन गर्ने वातावरण बनाएको छ, सबै मुलुकले यसमा प्रतिवद्धतासमेत जनाएका छन्।

**बिमस्टेकको प्राथमिकता क्षेत्रमा रहेको व्यापारको परिणाम कुन कति समय लाग्ला ?**

व्यापार साझेदारीभित्रको महत्त्वपूर्ण प्राथमिकतामा छ। यसमा लगानीको कुरा महत्त्वपूर्ण हुन्छ, सँगसँगै सशक्त साझेदारी जरुरी हुन्छ। विगतलाई नियाल्दा बिमस्टेक मुलुकहरू आ-आफ्नै समस्यासँग गुज्रिरहेका थिए, नेपाल पनि लामो समयसम्म द्वन्द्व र राजनीतिक अस्थिरतामा रुमलिएको थियो। श्रीलंका र म्यानमारमा पनि आफ्नै किसिमका समस्या थिए, तर अहिले अधिकांश मुलुकहरूले आफ्नो घरेलु समस्या किनारा लगाइसकेका छन्। क्षेत्रीय व्यापारलाई गति दिन चौथो सम्मेलनले ब्लु इकोनोमी र माउन्टेक इकोनोमीका अवधारणा अघि सारेको छ, कनेक्टिभिटीलाई जोड दिएको छ।

**बुद्धिस्ट सर्किट स्थापनाबारेको सैद्धान्तिक सहमति भएको छ। कार्यान्वयन कहिले होला ?**

क्षेत्रीय सहकार्य र एक आपसका सम्बन्ध निकट बनाउन बुद्धिस्ट सर्किट उपयुक्त अवधारणा हो। बुद्धिजम धेरै देशको साझा विषय हो, बिमस्टेक मुलुकमा बौद्ध धर्मावलम्बीहरूको बाहुल्य छ। नेपाल र भारतको वषां अघिदेखिको सम्बन्ध जोडिएको छ। अन्य मुलुकबाट लुम्बिनी घुम्न आउनेहरू धेरै छन्। तुलनात्मक रुपमा बंगालदेशमा बौद्धमार्गीहरू केही कम भए पनि बुद्धिस्ट सर्किट स्थापना गर्न सो मुलुकले आपत्ति जनाउँदैन। नेपालले यही विषयलाई महत्त्व दिँदै समय-समयमा अन्तर्राष्ट्रिय सभा सम्मेलन आयोजना गर्दै आएको छ भने भारतले पनि २ वर्षपछि अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्ने घोषणा गरिसकेको छ।

# नेपालीपनको वार्षिकोत्सवमा विभिन्न व्यक्तित्व सम्मानित




**नेपाल समाचारपत्र**

काठमाडौं

नेपालीपन राष्ट्रिय साप्ताहिकले आफ्नो तेस्रो वार्षिकोत्सव मनाएको छ। सो अवसरमा विभिन्न क्षेत्रमा विशेष योगदान पुऱ्याएका व्यक्तिहरूलाई कार्यक्रममा प्रमुख अतिथि पूर्वप्रधानमन्त्री तथा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का वरिष्ठ नेता माधवकुमार नेपालले सम्मान गर्नुभयो।

उहाँले विकास निर्माणमा ठेकेदारले चरम लापरवाही गर्ने गरेको बताउँदै कडा कानुन नहुँदा गलत गर्नेहरू ठाडो शिर बनाएर हिँडिरहेको बताउनुभयो।

रौतहटमा भएको डुङ्गा दुर्घटनाको प्रसङ्ग जोड्दै उहाँले भन्नुभयो- 'पाँच वर्षअघि बोलपत्र भएर पनि आजसम्म पुल नबन्दा जिल्लावासी जोखिमपूर्ण यात्रा गर्न बाध्य छन्, पुल नबनाउने ठेकेदारलाई अब कडा कारबाही गर्नुपर्छ।' भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रभावकारी काम गर्न नसकेको बताउँदै उहाँले भ्रष्टाचारसम्बन्धी कडा कानुन ल्याउनुपर्ने बताउनुभयो। मुलुकमा बलात्कारका घटना बढिरहेकोप्रति चिन्ता व्यक्त गर्दै उहाँले भन्नुभयो- 'बलात्कारीलाई कडाभन्दा कडा कारबाही गर्नुपर्छ, उन्मुक्ति दिनुहुँदैन।'

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले पत्रकारिता जगत् कसैको प्रयोगशाला बन्न नहुने बताउनुभयो। उहाँले भन्नुभयो- 'केही सञ्चारगृह अहिले लगानीकर्ताको इच्छाअनुसार समाचार बनाइरहेका छन्, पत्रकारिताको नाममा तिनीहरू कसैको प्रयोगशाला त बन्दै छैनन् भन्ने प्रश्न उठिरहेको छ।' राजनीतिक लडाइँले लाखौं युवाको आँशु र परिश्रम विदेशमा बगेको बताउँदै उहाँले भन्नुभयो- 'अब राजनीतिक लडाइँ होइन मुलुक समृद्धितर्फ लैजान सबै मिल्नुपर्ने दिन आएको छ।'

पूर्वमन्त्री प्रभु साहले राजनीतिक सङ्क्रमणबाट मुलुक भर्खरै अगाडि बढेको बताउँदै सरकारले ल्याएको समृद्धिका नारा साकार पार्न सबै क्षेत्रको सहयोग आवश्यक रहेको बताउनुभयो।

सो अवसरमा साप्ताहिकले प्रेस काउन्सिल सञ्चालक समिति सदस्य गोविन्द चौलागाईं, रिपोटर्स क्लबका अध्यक्ष ऋषि धमला, पत्रकार डा. राजेश अहिराज, गायिका सेरिना कुँवर, साहित्यकार चन्द्रभूषण साहलगायतलाई सम्मान गरेको थियो।

# बीपी सेनानी सम्मान पुरस्कार बास्तोलालाई

काठमाडौं, (नेस)

जननायक बीपी कोइराला स्मृति ट्रस्टले यस वर्षको बीपी सेनानी सम्मान पुरस्कार नेपाली कांग्रेसका नेता चक्रप्रसाद बाँस्तोलालाई दिने निर्णय गरेको छ। प्रजातन्त्र स्थापनाको संघर्षमा महत्त्वपूर्ण योगदान पुऱ्याएबापत बाँस्तोलालाई यो पुरस्कार प्रदान गरिने भएको हो।

त्यसैगरी बीपी साहित्य सम्मान पुरस्कार वरिष्ठ साहित्यकार रोचक घिमिरेलाई प्रदान गरिने भएको छ। १ लाख १ हजार रुपियाँ राशि रहको यो पुरस्कार बीपी जयन्तीको अवसरमा बीपी ट्रस्टले भदौ-२२ मा प्रदान गर्नेछ।

बीपी ट्रस्टका कोषाध्यक्ष पुरुषोत्तम बस्नेतको संयोजकत्वमा ट्रस्टका सदस्यहरू डा. धनुषचन्द्र गौतम र सुशीलमान शेरचनसमेतको सिफारिस समितिको सर्वसम्मतिबाट सो निर्णय गरिएको हो।

ट्रस्टले अघिल्लो वर्ष बीपी सहित्य सम्मान पुरस्कार साहित्यतर्फ प्राध्यापक डा. अभि सुवेदी र सेनानी सम्मान दाङका तीर्थराज चैतुलाई प्रदान गरेको थियो। यस वर्ष पनि विशेष समारोहकाबीच पुरस्कार प्रदान गरिने ट्रस्टका कार्यकारी निर्देशक राजेन्द्र पराजुलीले बताउनुभयो।

# गुन्डा दावा लामा पक्राउ

काठमाडौं, (नेस)

गुन्डा नाइके दावा लामा पक्राउ परेका छन्। प्रहरीले उनलाई गुन्डागर्दी र सट्टबाजीको अभियोगमा पक्राउ गरेको हो। महानगरीय प्रहरी परिसर काठमाडौंको टोलीले अनलाइन जुवा खेलाएको अभियोगमा लामालाई खोजी गरिरहेको थियो। उनी काभ्रेका नाम चलेका गुण्डा हुन्। कुनै बेला गणेश लामाको सहयोगी रहेका दावा लामाले पछिल्लो समय आफ्नै ग्याङ खडा गरेर अपराधिक काममा संलग्न रहेका थिए। अपराधमा लामो नाता भएका लामा २०६७ सालदेखि लामा पटक-पटक जेल पर्दै र छुट्दै आएका थिए।

# राहुल गान्धी हुम्लातर्फ

काठमाडौं, (नेस)

भारतीय विपक्षी दलका नेता तथा भारतीय कांग्रेस आइका अध्यक्ष राहुल गान्धीले शनिबार पशुपतिनाथको दर्शन गर्नुभएको छ। शुक्रबार मात्रै काठमाडौं आउनुभएका राहुल शनिबार बिहान पशुपति पुग्नुभएको हो।

चीनको मानसरोवर यात्राका लागि काठमाडौं आउनुभएका गान्धी इन्डिगो एअरलाइन्सको नियमित उडानबाट काठमाडौं आउनुभएको थियो।

उहाँ शनिबार नै हुम्लातर्फ प्रस्थान गर्नुभएको छ। उहाँको सुरक्षाका लागि सरकारले उच्च सतर्कता अपनाएको छ।

सिनेमा कर्नर











अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ (शम्भु)

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धननाश, विनाकाममा खर्च, मन चञ्चल, दौडधुप।
**वृष** : अन्नलाभ, उपहार प्राप्ति, मिष्ठान्न भोजन, कार्य सफल।
**मिथुन** : धननाश, साथीभाइसँग विवाद, चोटपटक, रोगको भय।
**कर्कट** : विविध वस्तु वा सेवा प्राप्ति, आर्थिक लाभ, पारिवारिक सुख।
**सिंह** : सुख-सन्तोष, कार्य सफल, स्वास्थ्यलाभ, आनन्दको अनुभूति।
**कन्या** : राज्यबाट भय, प्रतिष्ठामा आघात, व्यापापारमा समस्या।
**तुला** : रोगव्याधिको भय, कष्ट, थालेको काममा बाधा, धन हानि।
**वृश्चिक** : धनलाभ, यश वृद्धि, वाहन लाभको सम्भावना।
**धनु** : आर्थिक लाभ, प्रतियोगिता-पढाइमा सफलता, शत्रु विजय।
**मकर** : शोक-सन्ताप, कार्य असफल, वायुजन्य रोगको भय।
**कुम्भ** : उदरजन्य रोगको सम्भावना, दिनचर्या अस्तव्यस्त, विवाद।
**मीन** : द्रव्यलाभ, पराक्रम, उन्नति, मान-सम्मान, सुख-सन्तोष।



# प्रदेश-३



दुर्घटना भएको स्थलमा स्काई फाउन्डेसनले विद्यालय भवन निर्माण गरेको छ भने त्यससँगै स्वास्थ्य क्लिनिक सञ्चालनमा ल्याएको छ। क्लिनिकमा निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिन्छ।

2018, SEP Sunday 2

## स्वास्थ्य र शिक्षा क्षेत्रलाई राजनैतिक भर्तीकेन्द्र नबनाऔं : मन्त्री यादव

**कृष्ण आचार्य, चितवन**

उपप्रधान तथा स्वस्थ्यमन्त्री उपेन्द्र यादवले राजनीतिको फोहोरी खेल र भ्रष्टाचार अन्त्य भए देशको मुहार आफैं फेरिने बताएका छन्। बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको नवनिर्मित अन्तरंग भवनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री यादवले स्वास्थ्य, शिक्षाजस्ता संवेदनशील क्षेत्रलाई राजनैतिक भर्तीकेन्द्र बनाएर देशलाई बर्बाद पार्न नहुने बताए।

मन्त्री यादवले विदेसीले निर्माण गरिदिएका संस्थालाई देखाएर आफ्नो तारिफ र बहादुरी देखाउने परिपाटीको पनि अन्त्य हुनुपर्ने बताएका छन्। 'हामीले गरेका प्रगति भनेकै दैनिक ५/७ हजार देशका जनशक्ति बाहिर निर्यात गर्ने र ५/७ वटा लास नेपाल ल्याउने हो', उनले भने- 'यसमा हामीले के गर्व गर्ने ?' मन्त्री यादवले विगतका कुरालाई छाडेर अब देश निर्माणमा लाग्नुपर्ने बताए।

देशमा आधारभूत स्वास्थ्य र शिक्षा निःशुल्क हुनुपर्ने भन्दै मन्त्री यादवले यस क्षेत्रमा सरकारले लगानी बढाउनुपर्ने बताए। उनले स्वास्थ्य क्षेत्रमा भएको ४ प्रतिशत लगानीले जनतालाई सर्वसुलभ र सहजरुपमा स्वास्थ्य सेवा प्रदान गर्न नसकिने प्रष्ट पारे। देशका नागरिक स्वस्थ्य र शिक्षित भए देश आफैं बन्ने मन्त्री यादवको दाबी छ।

क्यान्सरका बिरामी उपचार गर्ने चिकित्सक र प्राविधिक देशमै उत्पादन गर्ने र उनीहरूको क्षमता नेपालमै प्रयोग गर्न सकिने मन्त्री यादवको भनाइ छ। चितवनलाई मेडिकल सेन्टर बनाउन सबै कुराले सम्भावना भएकाले अन्य देशमा नागरिक पनि नेपालमै उपचार गराउन आउने अस्पतालको रुपमा क्यान्सर अस्पताललाई विकसित गर्नुपर्ने मन्त्री यादवको भनाइ छ।

यसैबीच बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको नवनिर्मित अन्तरंग भवनको उद्घाटन गरिएको छ। नेपाल सरकारका उपप्रधान तथा स्वास्थ्यमन्त्री उपेन्द्र यादवले भवनको उद्घाटन गरेका हुन्। भवनसँगै रेडिएसन विभागमा नयाँ जडान भएको अत्याधुनिक लिन्याक मेसिन, सिटी सिमुलेटर र ब्राकिथेरापी मेसिनको सेवासमेत प्रारम्भ गरिएको छ।

हाल २ सय बढी शैय्या सञ्चालन भइरहेको अस्पतालमा नयाँ भवन निर्माणसँगै ४ सय ५० बढी शैय्या हुने भएको छ। नयाँ भवनमा २५० शैय्या थपिने भएकाले उपचारका लागि आएका बिरामी फर्कनुपर्ने अवस्थाको अन्त्य हुने अस्पतालले जनाएको छ।

विसं २०५७ मा १ सय शैय्याबाट भरतपुरमा शुरु भएको बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल तत्कालीन समयमा चीन सरकारको सहयोगमा एसियाकै नमुना अस्पताल बनाउने उद्देश्यले स्थापना गरिएको थियो। नवनिर्मित भवनमा जनरल वार्डसँगै सघन उपचार कक्ष, उच्चस्तरका क्याबिन, आकस्मिक कक्ष, शल्यक्रिया गर्नुपूर्व र पछि बिरामी राख्ने कक्ष, चिकित्सक छलफल गर्ने बैठक कक्ष, बिरामीका रेकर्ड राख्ने कक्ष छन्।

## जहाज दुर्घटनाको ८ वर्ष

# शोकलाई शक्तिमा बदल्दै विकास निर्माण

**रोशन पराजुली, हेटौंडा**

आफैंमा दुखद् खबर हो दुर्घटना। नहुनुपर्ने दुखद् घटनापछि अभिभावकले पीडालाई शक्तिमा बदलेर अरुका लागि प्रेरणादायी काम गरेका छन्। पूर्वी मकवानपुरको शिखरपुरमा ८ वर्षअघि भएको जहाज दुर्घटनापछि देशका विभिन्न क्षेत्रमा भएका विकासका गतिविधि यसका प्रत्यक्ष उदाहरण हुन्।

जहाज दुर्घटनामा निधन भएकाको स्मृतिमा शिखरपुरमा मोटरबाटोदेखि निःशुल्क स्वास्थ्य क्लिनिकसम्म सञ्चालनमा आएका छन्। मृतकका आफन्तले शिखरपुरको बस्तीपुरमा विद्यालय भवन निर्माण गर्नुका साथै स्वास्थ्य क्लिनिक, कर्मचारी आवासगृह, पुस्तकालयदेखि मोटरबाटोसमेत निर्माण गरिदिएका छन्।

दुर्घटनाको उपजस्वरुप गाउँमा स्वास्थ्य क्लिनिक स्थापना भयो, जसका कारण एक चक्की सिटामोल लिन २ घन्टा हिँड्नुपर्ने बाध्यता हट्यो। स्कुल जान नमान्ने केटाकेटी रमाई-रमाई जान थालेका छन्। नयाँ बाटो खुल्यो, गाउँघरमा फलेको अन्नबाली सदरमुकाम हेटौंडा ल्याउन सजिलो भएको छ।

नेपालमा हालसम्म धेरै विमान दुर्घटना भएका छन्, तर, दुर्घटनाग्रस्त क्षेत्रमा पीडित परिवारको अग्रसरतामा यति ठूलो विकास भएको कतै पाइँदैन। त्यसैले क्षतिलाई ऊर्जाका रुपमा बदल्न सकिन्छ भन्ने गतिलो उदाहरण बनेका छन् अभिभावक। भन्छन्- 'विमान कम्पनीले अग्रसरता लिएर पीडित परिवारलाई समन्वय गर्ने हो भने दुर्घटनास्थललाई नमुना क्षेत्रका रुपमा विकास गर्न सकिन्छ।'

सरल भाषामा भन्दा दुर्घटनाले बस्तीपुरमा विकासका थुप्रै आयाम जन्माएको छ। छतिवनको चिसापानी हुँदै बस्तीपुरसम्मको ६ किमी सडक मृतकका आफन्तकै अगुवाइमा निर्माण भएपछि स्थानीयले यातायात सुविधा पाएका छन्।

मकवानपुरबाट शुरु भएको विकास अभियान हाल काठमाडौं, गोरखा र धादिङ पनि पुगेको छ। काठमाडौंमा शारीरिक अशक्तता भएकालाई आर्थिक स्रोत जुटाएर घर, धादिङमा प्रावि भवन र सामुदायिक भवन तथा गोरखामा स्वास्थ्यचौकी निर्माण भइसकेको छ। उक्त स्वास्थ्यचौकी करिब २ महिनाभित्र सञ्चालनमा आउने छ।

शिखरपुर, मन्थली र फापरबारीका १३ विद्यालयमा निरन्तर आर्थिक तथा भौतिक सहयोग हुँदै आएको छ। दुर्घटनामा निधन भएका ३ जनाको नामको पहिलो अक्षरबाट स्काई फाउन्डेसन निर्माण गरी विद्यालय र गाउँको विकास भइरहेको सहाराका बुबा तथा फाउन्डेसन अध्यक्ष दोर्जेछिरिङ शेर्पाले जानकारी दिनुभयो। तीनै परिवार र अग्नि एयरको करिब १२ लाख सहयोगमा फाउन्डेसन स्थापना गरिएको हो।

दुर्घटनामा निधन भएकी परिचालिका सहारा शेर्पा, अमेरिकी नागरिक केन्द्रा डोम्निक्यु फालोन र जापानी नागरिक युक्की हायासीको स्मृतिमा देशका विभिन्न क्षेत्रमा सहयोग हुँदै आएको छ। मृतक शेर्पा २१, हायासी र फालोन दुवै १९ वर्षीय थिए।

दुर्घटनामा ८ नेपाली र ६ विदेशी नागरिकको ज्यान गएको थियो। अग्नि एयरको डोर्नियर विमान दुर्घटनामा परेको थियो। २०६७ भदौ ८ गते बिहान करिब ७:३० बजे भएको दुर्घटनाका मृतकको सम्झनामा सोही स्थानमा करिब १६ फिट अग्लो बौद्ध स्मारक स्तुप बनाइएको छ। जहाँ हरेक भदौ ८ गते विशेष पूजा गर्ने गरिएको छ।



बस्तीपुरको बकिया ठाकुर निम्न माध्यमिक विद्यालयनजिक जहाज दुर्घटनामा परेको थियो। बकिया ठाकुरलाई सहयोगका निम्ति फाउन्डेसन खडा गरिएको थियो, जसले हाल देशभर आफ्नो सहयोग बिस्तार गरेको छ। विद्यालयको खेतमा निर्मित स्तुपमा राखिएको ताम्रपत्रमा सबै १४ मृतकको नामावली समावेश छ।

'दुर्घटनामा मृत्यु भएकी छोरीको सम्झनामा गाउँको विकास गर्ने सोच पलायो', शेर्पाले भन्नुभयो- 'छोरीको बीमाबाट आएको रकम गाउँको विकासमा लगायौं।' शेर्पाले छोरीको निधनको शोकलाई शक्तिमा परिणत गर्न आफू समाजसेवामा क्रियाशील भएको बताउनुभयो।

दुर्घटना भएको स्थलमा स्काई फाउन्डेसनले विद्यालय भवन निर्माण गरेको छ भने त्यससँगै स्वास्थ्य क्लिनिक सञ्चालनमा ल्याएको छ। क्लिनिकमा निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिन्छ। स्वास्थ्य सेवा प्रदान गर्न प्रतिष्ठानले १ जना सीएमए खटाएको छ भने औषधिसमेत उपलब्ध गराउँदै आएको छ। करिब ५ सय वटा किताब सहयोग गरी विद्यालयमा लाइब्रेरी सञ्चालनमा ल्याइएको छ।

बकिया ठाकुरबाहेक तत्कालीन ३ गाविसका ९ विद्यालयमा छात्रवृत्ति प्रदान गर्नुका साथै ९ जना निजी शिक्षकलाई नियमितरुपमा तलब दिइरहेको शेर्पाले बताउनुभयो। प्रतिष्ठानले बकिया ठाकुरमा कर्मचारी आवासगृह निर्माण गरेको छ। आवासगृहमा प्रधानाध्यापकसहित केही शिक्षक बस्दै आएका छन्। यसरी सहयोग नभएको भए विद्यालय बन्द हुने अवस्था थियो। दाताले स्कुले विद्यार्थीलाई छात्रवृत्तिदेखि शिक्षकको तलबलाई पनि रकम छुट्याएका छन्।

१० जना शिक्षक रहेको विद्यालयमा ५ जनालाई निजी स्रोतबाट तलब दिइरहेको उहाँले बताउनुभयो। विद्यालयको जग्गामा मृतक विदेशी परिवारले जापानबाट ल्याएका चेरी ब्लोजम बिरुवा सोही वर्ष मंसिर २१ गते रोपेका थिए। मृतक युक्कीका बुबा टोसियाकी र आमा मीसाले बिरुवा रोप्नुभएको थियो।


## वर्गीकृत डिस्प्ले








## माइती मेलामा महिलाको रमझम

काभ्रे, (नेस)

४ वर्षअघिदेखि निरन्तर आयोजना गर्दै आएको माइती मेला तथा तीजमा दर खाने कार्यक्रम यो वर्ष पनि ओम शान्ति बहुउद्देश्यीय सहकारीले मनाएको छ। महिला तथा पुरुष सेयर सदस्य उक्त अवसरमा छमछमी नाचेका छन्।

बनेपा नगरपालिका उपप्रमुख रेखा सापकोटा दाहालले पहिलेजस्तो महिलालाई तीज मनाउनकै लागि खर्चको अभाव नभएको बताइन्। सहकारीकै कारण महिलाले आफूले कमाई गरेको रकम जम्मा गर्न र खर्च गर्न सहज भएको बताउँदै १ दिन तीजमा मात्रै खुलेर नाच्ने र गाउने महिलाका लागि सहकारीले आयोजना गरेको माइती मेला तथा दर खाने कार्यक्रमले झनै सहजता थपिदिएको उपप्रमुख रेखाले बताइन्। महिलालाई स्थानीय सरकारमा होस् वा पदमा पुगिसकेका महिलालाई अधिकारको क्षेत्रमा होस् पर्याप्त अधिकार भए पनि उपयोग गर्न महिला सक्षम हुनुपर्ने उनको भनाइ थियो। 'अधिकार धेरै छ, तर हामी सक्षम हुँदै जानुपर्छ, त्यसका लागि शिक्षा र आत्मनिर्भर प्रमुख कुरा हो', उनले भनिन्- 'सहकारी र स्थानीय सरकारले महिलाका लागि यो दुवै कुराको ग्यारेन्टी गर्नेछ।'

सहकारीका अध्यक्ष ईश्वरलाल श्रेष्ठले महिला सेयर सदस्यको मन खुला गरी नाच्ने र गाउने वातावरण मिलाउन १ दिन माइती मेला तथा दर खाने कार्यक्रम आयोजना गरिएको बताए।

## मुलुक निर्माणको प्रक्रिया आरम्भ : *मन्त्री बास्कोटा*

**मोतीराम तिमल्सिना, काभ्रे**

नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बास्कोटाले मुलुक निर्माणको प्रक्रिया आरम्भ भएको बताएका छन्। 'इमानदारिता, योजना र पूँजी निर्माणले मात्रै मुलुक समृद्ध हुनेछ' -मन्त्री बास्कोटाले भने।

बनेपामा रहेको पिपुल्स बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १२ औं वार्षिक साधारण सभाको उद्घाटन सत्रमा बोल्दै मन्त्री बास्कोटाले राष्ट्र निर्माणमा सहकारीको योगदान र भूमिका अपरिहार्य र महत्त्वपूर्ण रहेको बताए। तीन खम्बे अर्थनीतिमा जोडिएको सहकारी र वैदेसिक सहायतासमेतको सहयोगले मुलुकमा लगानीको वातावरण बनाउन खोजिएको बताउँदै मन्त्री बास्कोटाले सरकारले शुरु गरेका स्थिर र दीर्घकालीन योजनाले सुखी नेपाली र समृद्ध नेपाल निर्माण हुने बताए। 'सहकारीले घर जग्गा र सवारीसाधनको खरिद बिक्रीमा मात्रै ऋण लगानी गर्न हुँदैन', मन्त्री बास्कोटाले भने- 'उत्पादन मुलक क्षेत्र, कृषि, उद्योग, पर्यटन तथा स्वास्थ्य र सामाजिक क्षेत्रमा लगानी गरिनुपर्छ, रोजगार र आर्थिक उत्पादनले मात्रै समृद्धि सम्भव छ।' धुलिखेलसम्मको मेट्रो रेल, दुई देश जोड्ने भारत र चीन सरकारसँगको रेलको सम्झौता, जिल्लामै निर्माण हुन लागेको एयरपोर्ट, इन्द्रावती नदीको ड्याम कसेर बिजुली र ताल निर्माण, बनेपा, पनौती र धुलिखेलको करिडोर निर्माणलगायतका महत्त्वपूर्ण योजनाले जिल्लाको विकास र आयआर्जनमा थप टेवा पुग्ने मन्त्री बास्कोटाले बताए।

सरकारले लक्ष्य गरिबी निवारण, भ्रष्टाचारको अन्त्य र सदाचार निर्माणका लागि संकल्प लिएको बताउँदै मन्त्री बास्कोटाले सहकारीबाट समाजवादी आन्दोलनको शुरुआत भएको प्रष्ट पारे। सद्भाव र सहकार्य भत्कँदै गएको समाजमा सहकारीले सामूहिकता र समुदायलाई जोड्ने काम गरेको मन्त्री बास्कोटाले बताए। केही सहकारीले सहकारीकै नाममा गरिरहेको विकृति रोक्न सबै लाग्नुपर्नेमा उनको जोड थियो। अध्यक्ष नवराज केसीले सहकारीले ४ हजार ५ सय सेयर सदस्य आवद्ध गराई आर्थिक वर्षको अन्त्यसम्ममा १ करोड ८६ लाख ३ हजार ७ सय सेयर पूँजी, १४ करोड ७२ लाख १२ हजार निक्षेप संकलन गरी १४ करोड ६५ लाख रुपियाँ ऋण लगानी गर्न सफल भएको बताए। सचिव पवनराज कर्णजितले मनि ट्रान्सफर एवं विप्रेषण सेवा, रिजार्च एवं विल भुक्तानी सेवा, सेयर सदस्यका लागि मृत्यु राहत कोष, स्वास्थ्य उपचार राहत कोष, सूचना प्रणालीको व्यवस्थापन, बाल पैदल यात्रा, रक्तदान कार्यक्रम, संस्थाको स्थापना दिवसमा विविध कार्यक्रमको आयोजना, सहकारी अध्ययन अवलोकन भ्रमण, पिउने पानी वितरण, साइकल ऱ्याली, कौशी खेती तालिमलगायतका कार्यक्रम गरिएको बताए। कोषाध्यक्ष देवेन्द्र श्रेष्ठले ३० लाख रुपियाँ सेयर सदस्यलाई सबै प्रकारका सेवा उपलब्ध गराएर मुनाफा भएको जानकारी गराए। लेखा तथा सुपरीवेक्षण समितिका सयोजक रमचन्द्र भोक्षिभोयाले लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा उत्कृष्ट बचतकर्ता, सेयर सदस्यका उत्कृष्ट छोराछोरी, ऋणी, कर्मचारीलाई सम्मान गरिएको थियो।

कार्यक्रममा प्रदेशसभा सांसद वसुन्धरा हुमागाईं, जिल्ला समन्वय समिति काभ्रेका प्रमुख उद्धव केसी, बनेपा नगरपालिका प्रमुख लक्ष्मीनरसिं बादे, उपप्रमुख रेखा सापकोटा, नेपाल उद्योग वाणिज्य संघका अध्यक्ष प्रकाश मानन्धर, जिल्ला सहकारी संघका अध्यक्ष विनोद पराजुली, काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लिकी उपाध्यक्ष तीर्थमाया प्रधानलगायतले सहकारीले समुदायमा पुऱ्याएको योगदान र आगामी दिनमा गर्नुपर्ने कामका बारेमा सुझाव दिएका थिए।


## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङ्टा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्वनधी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरु**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०



## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरु

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर ●गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

> सोलार बत्तीले घाम लागेको बेलामा मात्रै काम गर्ने र घाम नलागेको बेला काम नहुने हुँदा दैनिक कामकाजमा समस्या हुँदै आएको छ।

# पप्पु कन्ट्रक्सनले जिम्मा लिएको देशभरका योजना अलपत्र

कृष्णउदास खनाल, वीरगन्ज

२०७४ मंसिर २१ गतेको चुनाव हुनुभन्दा केही महिनाअघि मात्रै हरिनारायण रौनियार पप्पु कन्ट्रक्सनका ठेकेदार थिए। ठेकेदारबाट उनी एकैचोटी फोरममा प्रवेश गरे। नेपाली कांग्रेस समर्थित रहेका रौनियार फोरममा प्रवेश गरेपछि कांग्रेसमा समस्या भयो। उनका दाजु रामेश्वर रौनियार अघिल्लो २०७० सालको चुनावमा कांग्रेसबाटै सांसद थिए।

पप्पु कन्ट्रक्सनले जिम्मा लिएको अधिकांश स्थानका भौतिक संरचना खराब भएको रिपोर्ट आएपछि राजनीतिमा लागेपछि कालोसूचीमा पर्ने सम्भावना रहेको पप्पु कन्ट्रक्सनलाई जोगाउने उनको योजना सांसद भएपछि झनै सफल भयो। पर्साको क्षेत्र नम्बर ३ बाट उनी फोरमका तर्फबाट संसद्मा निर्वाचित भए। त्यसपछि राजनीतिको आवरणमा पप्पु कन्ट्रसलाई जोगाउन सफल भएका ठेकदार सांसद रौनियारले चलाएको पप्पु कन्ट्रक्सनका विरुद्ध देशभरबाट आवाज उठेको छ। पछिल्लोपटक पर्साको क्षेत्र नम्बर पूर्वसभासद् तथा नेकपाका नेता सत्यनारायण भगतले समयमै निर्माण कार्य नसक्ने पप्पु कन्ट्रक्सनका सञ्चालक सांसद हरिनारायण रैनियारविरुद्ध पक्राउ गरी कारबाही गर्न गृह मन्त्रालयमा किटानी जाहेरी दिएका छन्।

गत शनिबार रौतहटको सदरमुकाम गौर नगरपालिकाको वडा नम्बर ४ मा रहेको टिकुलियास्थित लालबकैया नदीमा डुंगा डुब्दा ४ जनाको ज्यान गएको र एक जना बेपत्ता रहेका छन्। शनिबार साँझ गौर-४ स्थित लालबकैया नदीको टिकुलियाघाटमा निर्माण हुँदै गरेको पक्की पुलको पिलरमा ठोक्किएर डुंगा दुर्घटना भएको थियो। भगतले लेखेको जाहेरीमा पनि निर्माणका लागि आवश्यक समाग्री असरल्ल पारेर छाडेको र त्यसैमा ठोक्किएर डुंगा पल्टिएको थियो। ठेकेदारको लापरबाहीका कारण नागरिकको ज्यान जाने अवस्था आएकाले उनलाई गिरफ्तार गरी कारबाही गर्न पूर्वसभासद् भगतले माग गरेका हुन्।

पूर्वसांसद भगतले ठेकेदारको लापरबाहीका कारण मानवीय क्षति भएकाले आवश्यक क्षतिपूर्तिसमेत उनैबाट दिलाउनसमेत माग गरेका छन्। पप्पु कन्स्ट्रक्सनले देशभरिमा धेरैजसो पुल निर्माणको ठेक्का सकार गरेको छ। तर, निर्माणकार्य भने गुणस्तरीय पनि भएको छैन र सम्झौताअनुसार कामको प्रगति भएको पनि पाइँदैन। पप्पु कन्स्ट्रक्सन, पर्साको क्षेत्र नं ३ बाट निर्वाचित संघीय समाजवादी फोरमका सांसद हरिनारायण रौनियारको हो। अहिले कम्पनीको काम भने उनका छोरा सुमित रौनियारले हेर्ने गरेका छन्। उनी सांसद भएपछि चौतर्फी विरोध भएपछि छोरालाई कागजीरूपमा मात्रै उनले व्यवसाय सुम्पिएका हुन्। पप्पुले हात हालेको पर्सा, बारा, रौतहटसहित देशभरका सबै योजना अलपत्र रहेका छन्।

## महिलाको मृत्युपछि अस्पताल तोडफोड

सर्लाही, (नेस)

सर्लाहीको हरिवनस्थित नमुना अस्पताल तनावग्रस्त भएको छ। अस्पतालमा प्रसूति गराउन आएकी हरिवन-४ पटौनाका अनोज थापाकी अन्दाजी २९ वर्षकी श्रीमती अप्सरा थापाको ज्यान गएपछि उनका आफन्त र स्थानीयले अस्पतालमा तोडफोड र आगजनी गरेका छन्।

आक्रोशित भीडले अस्पतालको फारमेसीमा आगजनी गर्नुका साथै तोडफोड गरेका हुन्। सुत्केरी व्यथा लागेपछि सासू र सहयोगी शान्ता थापाका साथ प्रसूतिका लागि शुक्रबार साँझ ७ बजे नमुना अस्पताल आएकी अप्सराको डाक्टर र नर्सहरूको लापरबाहीका कारण ज्यान गएको आफन्त र स्थानीयको आरोप छ। अप्सरासँगै अस्पताल आएकी शान्ताका अनुसार अप्सरालाई अस्पताल ल्याउँदै गर्दा गेटमै व्यथाले च्यापेको थियो। उनलाई भित्र लैजाने क्रममा उनी लडिन्। डाक्टर र नर्सहरूले बेवास्ता गरे। उनलाई प्रसूति कक्षमा लगियो। आधा घन्टापछि डाक्टरले प्रसूति सम्भव नहुने भन्दै वीरगन्ज रिफर गरिदिए। उनलाई एम्बुलेन्समा राखेर वीरगन्ज लैजाँदै गर्दा बाटैमा उनको र बच्चा दुवैको ज्यान गयो।

अप्सरा र उनको बच्चाको ज्यान गएपछि आक्रोशित भीडले अस्पतालविरुद्ध नाराबाजी गर्दै अस्पतालमा तोडफोड र आगजनी गरेका हुन्। स्थानीयले घटनाको छानविन गरी कडाभन्दा कडा कारबाही गर्नुपर्ने, पीडितलाई उचित क्षतिपूर्ति दिनुपर्नेसहितका माग राख्दै विरोध गरेका हुन्। तोडफोडकै क्रममा अप्सराका भाइ घाइते भएका छन्।

# सरकारी रबैयाले बिहेबारीसमेत रोकियो

वीरगन्ज, (नेस)

वीरगन्ज महानगरपालिका-२५ अलौं, श्रीसियाका स्थानीय सरकारी रबैयाका कारण मारमा परेका छन्। खास गरी एकीकृत जाँच चौकी (आईसीपी) र सुक्खा बन्दरगाहबीच रहेको श्रीसिया गाउँका सम्पूर्ण घर-जग्गा नेपाल सरकारले रोकेपछि स्थानीय मारमा परेका हुन्।

सुक्खा बन्दरगाहदेखि पश्चिम, पद्मरोडदेखि दक्षिण तथा आईसीपी सडकदेखि पूर्वको बस्ती स्थानान्तरण गर्ने योजनाअनुसार नेपाल सरकारले २०७४ माघ २५ गतेदेखि रोकेको छ। सरकारले सो क्षेत्रको घर-जग्गा रोक्का गरेपछि जग्गा बिक्री-वितरण वा निर्माण कार्यसँगै बैंकमा पनि कारोबार गर्न नपाउने भएकाले स्थानीय पीडा पोख्न थालेका छन्। ६ महिना बितिसक्दा पनि सरकारले ठोस निर्णय नगरेका कारण केही व्यक्तिको छोरीको विवाह पनि रोकिएको स्थानीय मनोज साहले बताए।

सो क्षेत्रमा ६२ बिघा जग्गा नेपाल सरकारले जग्गा प्राप्ति ऐन २०३४ अनुसार रोक्का राखेको देखिन्छ। यद्यपि सुक्खा बन्दरगाह प्रमुख सूर्य सेढाईंले आफूबाट हुने सम्पूर्ण प्रक्रिया पुर्‍याई जिल्ला प्रशासन कार्यालयमा बुझाएको बताए। जग्गाको पहिचान, जग्गाधनीको नाम, जग्गाको विवरणसमेत मालपोत, नापी शाखाबाट संकलन गरी मूल्यांकनका लागि जिल्ला प्रशासन कार्यालयमार्फत नेपाल सरकारलाई दिएको उनले बताए। पर्साका प्रमुख जिल्ला अधिकारी लोकनाथ पौडेलले एक साताभित्र प्रक्रिया शुरू हुने दाबी गरे। आवश्यक परे सम्पूर्ण कागजात जिप्रकामा आएको र नेपाल सरकारसँग मुआब्जाको विषयमा के-कति निर्धारण गर्ने विषयमा उपसमितिसमेत निर्माण गर्न सरकारलाई पत्राचार गरिएका कारण समस्या धेरै नलम्बिने उनको जिकिर छ।

# चुनढुङ्गा खानी बन्द गर्न माग

सलिम अन्सारी, प्यूठान,

जिल्लामा प्राकृतिक स्रोतको मनपरी दोहनले परिणाम भयावह हुने चिन्ता गर्न थालिएको छ। खानीका कारण भण्डारी बन्धुको उद्गमस्थल ऐतिहासिक महत्त्व बोकेको लुप्लुङ धरापमा परेको भन्दै स्थानीय चिन्तित बनेका हुन्। जन्मेहुर्केको थातथलो चुनढुंगाले उठिबास लगाउने पिरलो उनीहरूमा छ।

पर्यावरण एवं मानवबस्तीमा गम्भीर प्रतिकूल प्रभाव पारेको भन्दै सिमेन्ट उद्योगको चुनढुंगा खानी प्रभावित गाउँका स्थानीयहरूले खानीको अनुमति खारेज गर्न माग गरेका छन्। दाङमा स्थापना भएको शुभश्री अग्नि सिमेन्ट प्रालिले लुप्लुङको बडाचौरबाट उत्खनन गरेको चुनढुंगा खानीले जिल्लाको पर्यावरण ध्वस्त हुँदै जाँदा मानव जीवन नै संकटमा पर्न थालेको भन्दै त्यहाँका जनताले चुनढुंगा उत्खननको अनुमति खारेज गर्न माग गरेका हुन्।

सरकारले उत्खनन अनुमति खारेज नगरे आफूहरूले नै खानी बन्द गराउने चेतावनी दिएका हुन्। सिमेन्ट उद्योगले गरिरहेको चुनढुंगा उत्खननविरुद्धमा संघर्ष शुरु गरेका जिल्लाबासीले उद्योगको अनुमति खारेज गर्न माग गर्दै शुक्रबार प्रमुख जिल्ला अधिकारी र जिल्ला समन्वय समितिलाई ज्ञापनपत्र बुझाएका छन्।

चुनढुंगा उत्खननका कारण जिल्लाको वातावरण बिग्रेको, पानीका मुहान सुकेको, पहाड खल्बलिएर ठूलो प्राकृतिक विपत्तिको अवस्था आउन लागेको भन्दै स्थानीयले चुनढुंगा उत्खनन रोक्न माग गर्दै प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेलाई ज्ञापनपत्र बुझाएका हुन्। लुप्लुङ बचाउन गठित संघर्ष समितिका अगुवा मदन भण्डारीले स्थानीय स्रोत साधनमाथि स्थानीयकै अधिकार रहने जिकिर गर्दै मानव जीवन, पर्यावरणीय एवं वातावरणीय सुरक्षाका लागि चुनढुंगा खानी दीर्घकालीनरूपमै बन्द गर्नुपर्ने बताए। 'मातृभूमिका लागि जस्तोसुकै मूल्य चुकाउन पनि तयार छौं। चुनढुंगा उत्खनन गर्न दिँदैनौं। -भण्डारीले भने।

सरकारीस्तरबाट खानी बन्द गराउन निर्देशन नभए आफूहरू चुनढुंगा उत्खननस्थलमा प्रवेश गरी शान्तिपूर्ण तरिकाले ध्वंसात्मक कार्य रोक्न दबाब दिने संघर्ष समितिका अद्यक्ष भण्डारीले जानकारी दिए । खानी उत्खनन अनुमतिपत्र खारेजका लागि निर्देशन दिन आग्रह गर्दै संसद्को वातावरण संरक्षण समितिलाई समेत ज्ञापनपत्र बुझाउने कार्यक्रम रहेको संघर्ष समितिले बताएको मन्त्रालय, खानी विभागलाई निर्देशन दिनुपर्ने आफूहरूको माग रहेको उनले सुनाए । उद्योगले विगतमा गरेको सम्झौतासमेत कार्यान्वयन नगरेको उनीहरूको आरोप छ। चुनढुंगाको जथाभावी उत्खननले ४५ घरधुरी दलितसहित ५ सय बढी कुरिया जोखिममा परेको स्थानीय जीवराज भण्डारीले बताए। उब्जाउ भूमि, वन क्षेत्र पूरै ध्वस्त गरेर खानी सञ्चालन गरिएको छ', उनले भने- 'सरकारी ऐन नियमको ख्याल छैन।' खानीले वृक्षरोपण गर्ने र स्थानीयलाई रोजगारीसमेत नदिइएको उनले आरोप लगाए।



चुनढुंगा उत्खनन गर्ने उल्लेख भएको निमित्त जिल्ला वन अधिकृत ठाकुरप्रसाद वाग्लेले बताए।

जिल्लाबाट स्थानीय स्रोत साधन बाहिर निकासी हुँदा अनुगमन गरिएको बताए। वन कार्यालयले अनुगमन गरेर नियमभन्दा बाहिर जान नदिएको वाग्लेले जवाफ दिए। उनले क्षति कम गर्ने उपाए अपनाउँदै जानुपर्ने सुझाब दिए। उता शुभश्री अग्नि सिमेन्टका प्यूठान प्रतिनिधि शिव अर्याललले वातावरण प्रभाव मूल्याङ्कनअनुसार नै काम गरेको दाबी गरे। 'नियम कानुनभित्र रहेर चुनढुंगा उत्खनन गरेका छौं।' - उनले भने।

सिमेन्ट उद्योगले जिल्लाको लुप्लुङमा डेढ वर्षअघिदेखि उत्खनन गर्दै आएको छ। यहाँ उत्पादित चुनढुंगा दाङको शुभश्री अग्नि सिमेन्टले आपूर्ति गर्दै आएको छ। चुनढुंगा खानी तथा भू-गर्भ विभाग र वन विभागसँग स्वीकृति लिएर उत्खनन गरेका हुन्। दीर्घकालीनरूपमा नै चुनढुंगा खानी बन्द गरी प्रकृति र पर्यावरणको पूर्णतः संरक्षण गर्दै सांस्कृतिक तथा पर्यापर्यटनको प्रवर्द्धन गर्न जिल्लाबासीले माग गरेका छन्।

हो। ज्ञापनपत्र बुझ्दै प्रजिअ गैह्रेले खानी सञ्चालनको इजाजत दिने अधिकार खानी विभागको भएकाले आफूहरूले रोक्न भने नीतिगतरूपमा नसक्ने बताए। उनले स्थानीयको भावनालाई बुझेर अन्य स्रोत सम्पत्तिको क्षति नहुने गरी खानी सञ्चालन गर्नुपर्ने बताए।

संसद्को वातावरण समितिले चुनढुंगा खानीको अनुमति रद्द गर्नका लागि उद्योग मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, वन क्षेत्रको गरी झन्डै ५ हेक्टर जग्गामा चुनढुंगा उत्खनन गर्दा प्राविधिकको रेखदेखमा गर्नुपर्छ। उत्खननका बेला निस्कने कम गुणस्तरीय ढुंगा माटोलाई जथाभावी फ्याक्न पाइँदैन। खानी सञ्चालकले उत्खनन अनुमतिपत्र, आईई प्रतिवेदनमा उल्लेखित वातावरण संरक्षण र प्रतिकूल प्रभाव न्यूनीकरणका उपाए अबलम्वन गर्नुपर्ने कानुनी प्रावधान छ। सिमेन्ट उद्योगद्वारा तयार प्रारम्भिक परीक्षण प्रतिवेदनमा निजी जग्गाबाहेक वन

# डेढ वर्षदेखि अस्पतालमै बन्दी सुरजको उद्धार

यमलाल भुसाल, बुटवल

आफ्नो उपचार खर्च तिर्न नसक्दा १५ महिनादेखि अस्पतालभित्र बन्धकसरह बसेका नवलपरासी प्रतापपुर गाउँपालिका-१ भिट्टाका २३ वर्षीय सुरज विकलाई अस्पतालदेखि उद्धार गरिएको छ।

विसं २०७४ जेष्ठ १४ गतेदेखि हालसम्म बुटवलस्थित जेनस हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालिको १५ नम्बर कोठामा रहेका सुरजको साथीको बाइक चलाउँदा दुर्घटना भएर खुट्टा चार ठाउँमा भाँचिएको थियो।

सुरजको उपचारका लागि झन्डै ६ महिना लागे पनि त्यसपछि भने उनी ९ महिनादेखि अस्पतालमा बिनाउपचार बसिरेका थिए। झन्डै १५ महिनादेखिको अस्पतालको बिल झन्डै १२ लाखभन्दा माथि भएपछि परिवारले उक्त बिल तिर्न नसक्दा उनी अस्पतालभित्रै बन्धकसरह बसेका थिए।



बिहीबार केही मिडियामा यससम्बन्धी समाचार प्रकाशन तथा प्रसारण भएपश्चात् अस्पतालले २५ प्रतिशत सहुलियत छुट दिने सहमतिमा शुक्रबार सुरजको उद्धार गरिएको हो। इलाका प्रशासन कार्यालय बुटवल, इलाका प्रहरी कार्यालय बुटवल, बुटवल उप-महानगरपालिका वडा नं. ८ का प्रतिनिधि, विभिन्न सञ्चारमाध्यमका पत्रकार तथा अस्पताल प्रशासनबीच उपचार खर्च सहुलियत छुटबाहेक बाँकी रकम आउँदो पुस मसान्तभित्र विभिन्न संघ-संस्थामार्फत जम्मा गरेर बुझाउनेसहित ७ बुँदे सहमति भई सुरजको उद्धार गरिएको हो।

सहमतिमपत्रमा अस्पतालले २५ प्रतिशत रकम छुट गर्ने, फार्मेसी, क्यान्टिन, अस्पतालमा भएको खर्च रकम पुस मसान्तसम्ममा भुक्तानी गर्ने, विभिन्न संघ-संस्थाबाट सहयोग संकलन गर्ने, बिरामी सुरजलाई उनको बुबा भगवती विक र दाजु दीपक विकको रोहबरमा दिनेलगायतका सहमति भएको छ।

सहमतिपत्रमा इलाका प्रशासन कार्यालयका प्रमुख प्रशासकीय अधिकृत धुव्रप्रसाद नेपाल, इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायव उपरीक्षक डिलबहादुर मल्ल, बुटवल उमनपा वाड नं. ८ का अध्यक्ष भीमबहादुर श्रेष्ठ, नेपाल पत्रकार महासंघ रूपन्देहीका सदस्य प्रकाश डुम्रे, गर्जन पोस्ट साप्ताहिकका सहसम्पादक शिव डुम्रे, न्युज २४ का पत्रकार कृष्ण पाण्डे, अन्नपूर्ण पोस्टका पत्रकार लक्ष्मण पोखेल, लियो क्लब अफ बुटवलको तर्फबाट गोविन्द बस्नेत र अस्पताल प्रशासन प्रमुख डा. शारदा सिंहलगायतले हस्ताक्षर गरी सुरजको उद्धार गरिएको हो। अस्पतालको छुटबाहेकको रकम विभिन्न संघ-संस्थामार्फत सहयोग संकलन गर्ने गरी बिरामीलाई उद्धार गरिएको हो।

# पाँच स्थानीय तह विद्युत्‌विहीन

विनोद सिंह विष्ट, बैतडी

जनप्रतिनिधि आएको एक वर्ष बढी भइसक्दासमेत अझै पनि बैतडीका अधिकांश स्थानीय तह अभावै अभावमा चलिरहेका छन्। जिल्लामा रहेका १० स्थानीय तहमध्ये आधा स्थानीय तह विद्युत्‌विहीन छन्।

४ नगरपालिका र ६ गाउँपालिका रहेको यहाँ ५ वटा स्थानीय तहका सदरमुकाम अझै विद्युत्‌को पहुँमा पुग्न सकेका छैनन्। जसमा १ नगरपालिका र ४ गाउँपालिका विद्युत्‌विहीन रहेका सम्बन्धित स्थानीय तहहरूले जनाएका छन्। स्थानीय तहमा विद्युत् नपुग्दा दैनिक कामकाज गर्न समस्या भएको छ। पुर्चौडी नगरपालिका, सिगास गाउँपालिका, डिलासैनी गाउँपालिका, पञ्चेश्वर गाउँपालिका र शिवनाथ गाउँपालिकामा अझै विद्युत्‌को पहुँच पुग्न नसकेको हो ।

विद्युत् लाइन नहुँदा दैनिक कार्यसम्पादनमा समेत समस्या भएको शिवनाथ गाउँपालिकाका अध्यक्ष कर्णसिंह साउदले जानकारी दिए। 'विद्युत् नहुँदा गाउँपालिकामा इन्टरनेटसमेत जडान गर्नसकिएको छैन', उनले भने- 'गाउँपालिका कार्यालयमा सोलार बत्ती रहेको भए पनि वर्षात्‌को समयमा घाम नलाग्दा सोलारले काम गर्न छोडेको छ।'

जिल्लाको सबैभन्दा दुर्गम गाउँपालिका सिगास गाउँपालिकामा पनि विद्युत् नहुँदा कार्यलयले गर्ने नियमित कामकाजमा समेत समस्या हुने गरेको गाउँपालिकाका अध्यक्ष हरिसिंह धामीले बताए। 'सिगास गाउँपालिका दुर्गम गाउँपालिका भएकाले विद्युत्‌बाट हुने कामका लागि सदरमुकाम धाउनुपर्ने बाध्यता छ। बिजुली बत्ती कार्यालयसम्म नपुग्दा सोलार बत्तीकै भरमा प्रिन्ट, फोटोकपी, कम्प्युटरसम्बन्धी अत्यावश्यक काममा असहज भएको छ', उनले भने- 'गत महिना मात्रै स्थापना भएको कृषि विकास कार्यालयमा समेत इन्टरनेट जडान गर्न नसक्दा सेवा शुभारम्भ हुन सक्केो छैन।'

बिजुली बत्ती नहुँदा सोलार बत्तीको भरमा स्थानीय तहले कार्यालयमा सम्पूर्ण कार्य सम्पादन गर्दा समस्या हुने गरेको छ। सोलार बत्तीले घाम लागेको बेलामा मात्रै काम गर्ने र घाम नलागेको बेला काम नहुने हुँदा दैनिक कामकाजमा समस्या हुँदै आएको पुर्चौडी नगरपालिकामा उपप्रमुख जानकी बमले बताइन्। 'स्थानीय खोलाबाट लघु जलविद्युत् आयोजनाबाट बिजुली निकालिएको भए पनि काम नलाग्ने भएको छ', उनले भने- 'रातिको समयमा बत्ती बाल्न मात्रै छोड्ने गरिएको छ, कार्यालय समयमा बिजुली आउँदैन।'

नगरपालिकाको कार्यालयमा विद्युत् लाइन नहुँदा विकास निर्माणका काममा समेत बाधा पुगेको छ। योजना सम्झैता र मूल्याङ्नका काम कम्प्युटरबाटै गर्नुपर्ने भएकाले सोलारको ब्याट्रीले व्याकप नधान्दा हप्तौंसम्म ढिला हुने गरेको छ', उनले भनिन्- 'कतिपय उपभोक्ता त रित्तै फर्किनुपर्ने बाध्यतासमेत रहेको छ।'

पञ्चेश्वर गाउँपालिकामा पनि सोलारबाट विद्युतीय कामकाज हुने गरेको छ। कम्प्युटरबाटै सबै कार्यसम्पादन गर्दा घाम लागेको बेला मात्रै कम्प्युटर खुल्छ, पानी परेको बेला सेवाग्राहीलाई रित्तै फर्काउनुपरेको गाउँपालिका अध्यक्ष गोरखबहादुर चन्दले बताए। विद्युतीय उपकरणबाटै कामकाज गर्नुपर्ने भएकाले सोलारबाट मात्र धान्न सकिँदैन', उनले भने- 'योजना इस्टमेटलगायत अन्य कार्यसम्पादन कम्प्युटरबाटै गर्नपर्ने भएकाले अप्ठेरो हुँदै आएको छ।'

लगातार २/३ दिनसम्म घाम नपरेको बेला ब्याट्री व्याकपले नधान्ने भएकाले कार्यसम्पादनमा समस्या हुने गरेको उनले बताए।

डिलाशैनी गाउँपालिकामा पनि विद्युत् नहुँदा कामकाजमा धेरै ढिलासुस्ती हुने गरेको छ। गाउँपालिकाको केन्द्रमा विद्युत् नभएको सेवाग्राहीले भनेको समयमा सेवा दिन नसकिएको वडा नं १ का वडा अध्यक्ष अक्कल रानाले बताए।

विद्युत् नपुगेका स्थानीय तहहरूले विद्युत् सेवा विस्तारका लागि नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र बैतडीलाई आग्रह गरेको भए पनि बजेटको अभावमा तत्काल विद्युत् सेवा विस्तार गर्न सकिने अवस्था नरहेको नेपाल विद्युत् प्राधिकरण बैतडी वितरण केन्द्रले जनाएको छ। विद्युत् नभएका सबै स्थानीय तहबाट विद्युत् विस्तारका लागि निवेदन आए पनि बजेटको अभावमा विद्युत् सेवा विस्तार गर्न सकिएको छैन।

विद्युत्‌को पहुँचभन्दा बाहिर रहेका स्थानीय तहहरूले विद्युत् विस्तारका लागि प्रदेश सरकार र केन्द्र सरकारसँग आग्रह गरेको जनाएका छन्।

तत्कालीन जिल्ला विकास समितिले २०७० सालमा प्रकाशन गरेको जिल्ला पार्श्व चित्रअनुसार जिल्लामा ४५ हजार १ सय ९१ घरधुरी छन्। त्यसमध्ये नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र बैतडीका अनुसार बैतडीका १२ हजार घरधुरीमा मात्रै विद्युत् सेवा पुगेको छ।

ग्रामीण क्षेत्रमा रहेका लघु जलविद्युत् आयोजनाहरू पनि पछिल्लो समय धमाधम बन्द हुन थालेपछि स्थानीय तहहरूले विद्युत्‌को समस्या झेलिरहेका हुन्। जिल्लामा रहेका १९ वटा लघु जलविद्युत् आयोजनामध्ये अधिकांश बन्द अवस्थामा छन्। सञ्चालनमा रहेका लघु जलविद्युत् आयोजना पनि रातको समयमा सञ्चालन हुने भएकाले सरकारी कार्यालयमा कामकाजका लागि उपयोग गर्न पाइएको छैन्।



# विश्व



**रोबोट**
६ करोड ६० लाख वर्ष पहिला लोप भएको डाइनोसरलाई जीवन्त देखाउन मेटेलले तयार पारेको एक फुट लामो डाइनोसर रोबोट।



**समाधान**
अन्तरिक्षमा पृथ्वीको सतहबाट ४ किलोमिटर माथि रहेको अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्र। उक्त अन्तरिक्ष केन्द्रको रुसी हिस्सामा देखिएको सानो हावा चुहावटलाई त्यसमा रहेका अन्तरिक्ष यात्रुले समाधान गरेका छन्।

2018, SEP
Sunday
2

## विश्व २ मिनेट

### भारत

#### भिक्षुद्वारा बालयौन शोषण

पटना, (एजेन्सी)

बिहारको गया जिल्लास्थित एक बौद्ध ध्यान केन्द्रमा १५ वर्षभन्दा कम उमेरका बालकमाथि यौन शोषण भइरहेको खुलासा भएको छ। केन्द्रमा रहेका केटालाई बौद्ध भिक्षुले कोठामा बोलाएर हस्तमैथुन गराउने र ती भिक्षुले एक बच्चालाई कोलकातामा लिएर गएको र उनको यौन शोषण गरेको एक पिताले बताए। ५१ वर्षीय ती पिताका दुई बच्चा उक्त केन्द्रमा पढिरहेका थिए। एक अर्को ११ वर्षीय केटाकी दिदीले आफ्नो भाइमाथि भिक्षुबाट यातना दिने, नाँगै राख्ने र बालकको निजी अंग तान्नेजस्ता अमानवीय कार्य भएको बताइन्। यस मामिलामा अभियुक्त भिक्षु सन्जोय संघप्रियलाई पक्राउ गरिसकेको प्रहरी अधिकारीले जानकारी दिएका छन्।

### पाकिस्तान

#### विलासी गाडी लिलाममा

इस्लामावाद, (एजेन्सी)

पाकिस्तान सरकारले प्रधानमन्त्री आवासस्थित आवश्यकभन्दा बढी विलासी गाडीहरू बिक्री गर्ने निर्णय गरेको छ। सरकारले खर्च कम गर्ने अभियानअन्तर्गत उक्त निर्णय लिएको हो। सेप्टेम्बर १७ मा हुने लिलामका क्रममा बिक्री गर्न ती विलासी गाडीको सूची तयार गरिएको छ। ती गाडीमा ठूलो ८ वटा बीएमडब्ल्यू पनि छन् जसमा तीन २०१४ मोडलका छन्। दुई २०१६ मोडलको ३ हजार सीसीको एएसयूवी छन्। लिलामीमा २०१५ मोडलको ४ वटा बुलेटप्रुफ ल्यान्ड क्रुजर गाडी पनि राखिनेछ। आर्थिक संकट झेलिररहेको सरकारको खर्च कम गर्ने प्रतिबद्धता पूरा गर्न प्रधानमन्त्री इमरान खानले उक्त काम गरेका हुन्।

### फिलिपिन्स

#### डुटेर्टेको बयान विवादमा

मनिला, (एजेन्सी)

फिलिपिन्सका राष्ट्रपति रोड्रिगो डुटेर्टे विवादास्पद बयानका कारण चर्चामा आइरहन्छन्। यो पटक महिला र बलात्कारका विषयमा विवादास्पद उनले बयान दिएका छन्। उक्त बयानलाई लिएर उनको व्यापक आलोचना पनि भइरहेको छ। डुटेर्टेले उनको गृहनगरमा महिला अत्यन्त सुन्दर हुने भएकाले बलात्कारका घटना धेरै हुने गरेको बताएका थिए। विपक्षी दलका नेताहरूले डुटेर्टेलाई आफ्नो बयानमा माफी माग्नका लागि भनेका छन्। उनको कार्यालयले जारी गरेको बयानमा उनले ठट्टामा मात्र उक्त कुरा राखेको उल्लेख गरेको छ। दावाओ सहरमा बलात्कार बढिरहेको प्रसंगमा डुटेर्टेले उक्त बयान दिएका हन्।

### चीन

#### भिडियो गेममा नियन्त्रण

सांघाई, (एजेन्सी)

चीनमा बच्चाहरूमा मायोपिया (निकटदृष्टि समस्या) रोक्ने प्रयासस्वरुप कैयौं अनलाइन गेम्समाथि नियन्त्रण गर्ने सरकारी योजना सार्वजनिक भएको छ। उक्त योजना सार्वजनिक भएपछि चिनियाँ भिडियो गेम कम्पनीमा खैलाबैला मच्चिएको छ। यो योजना देशमा तीव्र रुपमा झाँगिदै गएको र अत्यन्त लोकप्रिय भिडियो गेम उद्योगमा सरकारी निगरानी बलियो पार्ने दिशामा चालिएको कदम हो। बच्चाहरूको आँखाको सुरक्षालाई ध्यानमा राखी बिहीबार चीनका राष्ट्रपति सी जिन पिङले महत्त्वपूर्ण निर्देशन जारी गरेका थिए। चिनियाँ अधिकारीहरूले इन्टरनेट गेम्सको कुल संख्याको नियमन र नियन्त्रण गर्ने जनाएको छ।

# अत्याधुनिक 'रोबोकोप' पहिरनको विकास





मस्को, (एजेन्सी)

भविष्यमा हुन सक्ने युद्धको तयारीका क्रममा अमेरिकाले अन्तरिक्ष बल तयार गर्ने चर्चा रहेकै बेला रुसले 'रोबोकोप' सैनिक पहिरनको दिशामा ठूलो कदम चालेको छ। रुसले रोबोकोपएक्सो-स्केलेटन कवचको परीक्षण पनि शुरू गरेको छ। हालै प्रदर्शित आफ्नो सुपर सोल्जर स्केलेटनलाई लिएर रुसले उक्त बख्तरबन्द ढाँचाको पहिरन भएको कमान्डोको शक्ति सामान्य सैनिकभन्दा कैयौं गुणा बढी हुने दाबी गरेको छ।

यो सुट 'स्टार वार्स' फिल्ममा देखाइएका सैनिकहरूको जस्तै देखिएको मेल अनलाइनले जनाएको छ। यो प्रोटोटाइप सैन्य एक्सो-स्केलेटनका विषयमा भनेका छन्- 'यसबाट पैदल हिँड्ने सैनिकले एक हातले नै मेसिनगन चलाउन सक्छ र उनको निसाना कम्प्युटरको जस्तो सटिक हुनेछ।'

**भविष्यको सैन्य सुट**

यो सुट लगाई जवान भारी वजन उठाउन सक्छ र सामान्यभन्दा तीव्र दौडन पनि सक्छ। सैन्य सामग्री उत्पादन गर्दै आएको फर्म स्नितोस्मास ले रत्निक-३ 'भविष्यका सेना' सुट तयार गरेको हो। यसलाई हालै मस्कोमा आर्मी २०१८ इन्टरनेसनल मिलिटरी एन्ड टेक्निकल फोरममा प्रदर्शनमा राखिएको छ।

**गोली र छर्राले असर नहुने**

टाइटेनियमबाट तयार गरिएको उक्त पहिरनलाई लगाउनेको शक्ति र क्षमता बढाउने अभिप्रायले डिजाइन गरिएको छ। यो पहिरन लगाउने कमान्डोमाथि गोली र बमको छर्राले कुनै असर गर्दैन। सन् २०२५ सम्ममा युद्ध मैदानका लागि यो सुट तयार भइसक्ने रुसी कम्पनीले दाबी गरेको छ। परीक्षणमा रहेको यस नवीन सैन्य पहिरनमा अहिले भने केही ब्याटरीको समस्या आइरहेको बताइएको छ।

यसमा बुलेटप्रुफ घाँटी सुरक्षा कवच लगाइएको छ। जसबाट गोली घाँटीसम्म पुग्न रोकिनेछ। डिजिटल हेलमेट, जसमा जडित स्क्रिनमा निसानका बारेमा सूचना प्राप्त हुन्छ। साथै यसबाट सैनिकको स्वास्थ्य डाटा पनि प्राप्त भइरहन्छ। यस पहिरनमा अनुहार सुरक्षाका लागि फेस प्रोटेक्सन मास्क लगाइएको छ। श्वास लिनका लागि विशेष प्रविधिको प्रयोग गरिएको छ। सुटको तापमान आफ्नो हिसाबले घटाउन बढाउन सकिनेछ। यो पानी नछिर्ने र आगोले केही नहुने विशेषतायुक्त छ।

त्यसै गरी सुटसँगै टर्च, ब्याटरी प्याक र रातिका लागि भिडियो क्यामरा पनि दिइएको छ। राइफलमा दुई ब्यारल्स राखिएको छ, जसले फरक-फरक आकारका गोली प्रहार गर्न सक्छ। कम्प्युटर नियन्त्रित भएका कारण सैनिकले भारी हतियार लामो समयसम्म बोकिरहन सक्छ। यसको बुट्स गोली, हिलो वा बारुदी शुरूङबाट असर नपर्ने गरी डिजाइन गरिएको छ। यसमा 'माइन डिटेक्सन' सेन्सर्स पनि लगाइएको छ।

# क्यानडा-अमेरिका व्यापार वार्ता नतिजाविहीन



वासिङ्टन, (एजेन्सी)

अमेरिका र क्यानडाबीच उत्तर अमेरिकी खुला व्यापार सन्धि अर्थात् नाफ्टामा संशोधनका लागि भइरहेको वार्ता नतिजाविहीन बनेको छ।

अर्को हप्ता फेरि क्यानडाका अधिकारीसँग भेटवार्ता गर्ने र सम्झौतामा पुग्ने प्रयास गरिने अमेरिकी अधिकारीले बताएका छन्। यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको तर्फबाट क्यानडासँग कुनै पनि सम्झौता अमेरिकी सर्तका आधारमा मात्रै हुने बताइएको थियो। यद्यपि ट्रम्पले पछि उक्त कुरा 'अफ दि रिकर्ड' मा भनेको बताए। उक्त विषय बाहिर आएपछि आफूले के चाहेको हो भन्ने कुरा क्यानडाले बुझेको हुनुपर्ने ट्रम्पले बताए। हालै मात्र अमेरिकाले मेक्सिकोसँग व्यापार सम्झौता गरेको थियो र यसलाई पनि त्यसरी नै अगाडि बढाउने अमेरिकी प्रयास भइरहेको जनाइएको छ।

१ खर्ब अमेरिकी डलरको व्यापार हुने उक्त त्रिदेशीय व्यापार सम्झौतामा उक्त वार्ताको महत्त्व के हो भन्ने स्पष्ट हुन सकेको छैन। ह्वाइट हाउसका लागि अमेरिकी सदनलाई नयाँ व्यापार सम्झौताको जानकारी दिन भनिएको ९० दिनको समय सीमा शुक्रबार अन्तिम दिन थियो। अमेरिकालाई डिसेम्बर १ अगाडि नै नयाँ नाफ्टा सन्धिमा हस्ताक्षर गर्नुपर्नेछ। सोही दिन मेक्सिकोका नव निर्वाचित राष्ट्रपति आन्ड्रेस म्यानुएल लोपेज ओब्राडोरले पदभार समाल्नेछन्।

अमेरिकाले उसको दूग्ध उत्पादनका लागि क्यानडा आफ्नो बजार खोलोस्, औषधिको पेटेन्टलाई अगाडि बढाओस् भन्ने चाहन्छ। अमेरिकाले क्यानडा लगानीकर्ता र सरकारबीचको झगडा सुल्झाउनका लागि बनेका अन्तर्राष्ट्रिय टोलीलाई अन्त्य गर्न पनि सहमत होस् भन्ने चाहेको छ।

शुक्रबारको बैठकमा विशेष गरी दूग्ध उत्पादनलाई लिएर सहमति बन्न नसकेको अमेरिकी अधिकारीहरूले बताए। क्यानडा यसमा कुनै प्रकारको सहुलियत दिन तयार छैन। क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रडोले यस मुद्दामा आफू पहिलेकै अडानमा कायम रहेको बताए। यसअघि क्यानडाका विदेशमन्त्री क्रिस्टिया फ्रिल्यान्डले दुई देशबीच वार्ता अगाडि बढिरहेको र सम्झौता हुन लागेको बताएकी थिइन्।

उनले क्यानडाको अगाडि अमेरिकाको जस्तो समय सीमा नभएको बताइन्। उनले भनिन्- 'क्यानडाका लागि राम्रो सम्झौता हुनुपर्छ भन्ने कुराले महत्त्व राख्छ, जब हामी क्यानडाका लागि राम्रो सहमति आउला, हामी सम्झौता गरिदिन्छौं।'

# चिनियाँ दम्पती बच्चा जन्माउन अनिच्छुक



बेइजिङ, (एजेन्सी)

वृद्धहरूको बढ्दो आवादी समस्या सन्तुलनका लागि २ भन्दा धेरै बच्चा जन्माउन छुट दिने चीनको कदममा बाधा आइरहेको छ।

यसका कारण राजनीतिक नभएर कैयौं चिनियाँ मातापिता अब बच्चा जन्माउन रुची नराख्नु हो। सरकारले परिवारमा बच्चाको संख्यामा सीमा तय गर्ने नीति अवलम्बनका लागि कडा जरिवाना र कैयौंपटक गर्भपतन तथा परिवार नियोजन गर्न बाध्य पार्ने आफ्नो नीति फिर्ता लिने संकेत दिएको छ। विश्वमा सबैभन्दा धेरै आवादी भएको देश चीनले सन् १९७९ मा एक सन्तान नीति लागू गरेको थियो। सन् २०१६ मा दुई सन्तान पाउन सक्ने छुट दियो किनभने देशको आवादीमा २३ करोड नागरिक वृद्ध थिए।

तर अहिले चिनियाँ दम्पती आफ्नो व्यक्तित्व विकास र अन्य लक्ष्य प्राप्तिमा केन्द्रित हुने गरेकाले सन्तान जन्माउन ढिलो गरिरहेको विशेषज्ञहरूले बताएका छन्।

चीनमा बच्चा हुर्काउनमा लाग्ने खर्चले पनि मातापितालाई अर्को बच्चा जन्माउनमा रोकिरहेको छ। उत्तर पूर्वी सहर दालियनमा एक महिलाले भनिन्- 'धरैले दोस्रो सन्तान चाहेका छन्, तर सबैभन्दा ठूलो समस्या वित्तीय बोझ हो।' उनी दुई होइन तीन सन्तान चाहन्छिन् तर खर्चका कारण हिच्किचाइरहेकी छन्। चीनको जनसंख्या तथा विकास शोध केन्द्रका लियु होंग्यानले भने- 'परिवार नियोजन नीति रद्द गर्नुको अर्थ दम्पती र परिवारसँग इच्छाअनुसार बच्चा जन्माउन पाउने अधिकार हुनेछ।'

चीनको सरकारी समाचार एजेन्सी सिन्हवाले जनसांख्यिकीय स्थितिमा परिवर्तनका कारण मस्यौदा कानुनबाट परिवारको आकारलाई नियमबाहिर राखेको जनाएको छ। अर्थशास्त्रीहरूले देश समृद्ध बन्नुअगाडि बुढा हुने आशंका गरेका छन्। विश्व बैंकले ६० भन्दा धेरै उमेरको जनसंख्याको अनुपात सन् २०१५ मा १५ प्रतिशतबाट बढेर ३६ प्रतिशतसम्म पुग्ने अनुमान गरेको छ।

# १ अर्ब ४० करोडमा भारतको मानव अन्तरिक्ष अभियान




नयाँ दिल्ली, (एजेन्सी)

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले अगस्टमा स्वतन्त्रता दिवसको अवसरमा दिएको सम्बोधनमा देशको पहिलो मानवसहितको अन्तरिक्ष अभियानको घोषणा गरेका थिए। उनले इन्डियन स्पेस रिसर्च अर्गनाइजेसन (ईसरो) ले सन् २०२२ सम्ममा पृथ्वीको कक्षमा अन्तरिक्षमा पुऱ्याउने घोषणा गरेका थिए।

गत मंगलबार उक्त अभियानका लागि १ अर्ब ४० करोड अमेरिकी डलर खर्च लाग्ने अनुमानसहितको योजना प्रस्तुत गरियो। उक्त खर्च अमेरिका र रुसले गरेका खर्चको तुलनामा अत्यन्तै कम हो। उक्त अभियानमा ३ जना चालकदलका सदस्यलाई समावेश गर्न सकिने र पृथ्वीबाट ३ देखि ४ सय किलोमिटरको दुरीमा अन्तरिक्षमा ५ देखि ७ दिन बिताउने उल्लेख गरिएको छ। ईसरो कम खर्चमा अन्तरिक्ष कार्यक्रम सञ्चालनका लागि चिनिएको संस्था हो र यसले सन् २०१४ मा मंगल ग्रहमा पठाएको मंगल यान अभियान अमेरिकाको नासाले समान प्रकृतिको अभियानमा गर्ने खर्चको तुलनामा १० गुणा कम थियो। मंगल यान उपग्रहले गत जुनमा मंगल ग्रहको कक्षमा १ हजार दिन पूरा गरेको ईसरोले जानकारी दिएको थियो।

यी सबैका बाबजुद भारतका लागि अहिलेको प्राथमिकता भनेको उसको नागरिकका लागि सहरको पूर्वाधार संरचना र स्वास्थ्य उपचार तथा शिक्षा क्षेत्रको विकासमा केन्द्रित हुनुपर्ने दबाब छ। त्यसैले उसका लागि १ अर्ब ४० करोड डलर अन्तरिक्ष अभियान खर्च पनि किन भन्ने प्रश्न उठेको छ। यसको जवाफ भने सामान्य छ, गौरव अर्थात् अभिमानका लागि।

अन्तरिक्ष शक्ति राष्ट्रिय गौरवको स्रोत मात्र होइन, यसले विश्व मञ्चमा भारतको बढ्दो महत्त्वपूर्ण भूमिकालाई पनि संकेत गर्छ। भारत अन्तरिक्षमा मानव पठाउन इच्छुक हुनुमा अरू पनि कारण छन्। उसले कुनै दिन चन्द्रमाबाट इन्धन ल्याउन चाहन्छ।

२०७५, भदौ
आइतबार
१७

घटनामा बाँच्न सफल १३ वर्षीया कमला विकले भनिन्- 'हाम्रो तलको घर पहिरोले लग्यो अनि माथिको पुरानो घरमा बस्न आएका आमा, बुबा, बहिनी, भाइ सबै गुमायौं।' आफूहरु अहिले पनि भत्किएको घरमा बस्दै आएको उनले बताइन्।



# राष्ट्रपतिद्वारा लुम्बिनीको अवलोकन



यमलाल भुसाल, बुटवल

बिमस्टेकको चौथो सम्मेलनमा भाग लिन काठमाडौं आउनुभएका श्रीलंकाका राष्ट्रपति मैथ्रीपाला सिरिसेनाले शनिबार विश्वशान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनीको भ्रमण गर्नुभएको छ। उहाँलाई लुम्बिनीमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्रप्रसाद अधिकारी, लुम्बिनी विकास कोषका उपाध्यक्ष अवधेश त्रिपाठीलगायत कोषका पदाधिकारीले स्वागत गर्नुभएको थियो।

राष्ट्रपतिले लुम्बिनीमा पूजाआजा गर्नुका साथै मायादेवी मन्दिर, प्रमाणिक अभिलेख अशोक स्तम्भ, मायादेवीको गर्भशिला, नवजात शिशुबुद्धको पाइला, पुष्करणी पोखरी, प्राचीन भौतिक संरचनाका विभिन्न भग्नावशेषहरूलाई अभिरुचीपूर्वक अवलोकन गर्नुभएको थियो।

यसैगरी राष्ट्रपतिले केन्द्रीय नहर, अखण्ड शान्ति दीपलगायत लुम्बिनीमा रहेका प्राकृतिक सांस्कृतिक एवं ऐतिहासिक पुरातात्त्विक सम्पदाहरूको बारेमा विशेष जानकारी लिएको कोषका उपाध्यक्ष भिक्षु मैत्यले बताउनुभयो। उहाँको सुरक्षामा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र गुप्तचरको संयुक्त टोली परिचालित भएको थियो। जिल्ला सुरक्षा समिति र लुम्बिनी विकास कोषको समन्वयमा राष्ट्रपतिलाई विशेष सम्मान र सुरक्षाका साथ लुम्बिनीको भ्रमण गराएको संघीय प्रहरी इकाइ कार्यालयका प्रमुख एसएसपी राजेन्द्र ढकालले बताउनुभयो।

भ्रमणका साथसाथै राष्ट्रपतिलाई लुम्बिनीमा हालसम्म भएका कामहरू र गुरुयोजनाको प्रगतिबारे समेत संक्षिप्त जानकारी दिने काम भएको कोषका सूचना अधिकृत राजन बस्नेतले जानकारी दिनुभयो। काठमाडौंदेखि बुद्ध एयरलायन्सको जहाज चार्टर गरी भैरहवा गौतमबुद्ध विमानस्थलमा अवतरण गर्नुभएका उहाँलगायत अतिविशिष्ट पाहुनालाई नेपाली सेनाको हेलिकप्टरबाट लुम्बिनी लगिएको थियो। अन्य श्रीलंकाका पाहुनालाई सुरक्षाकर्मीको कडा पहरेदारी र स्कर्टिङ गरेर स्थलमार्गबाटै लुम्बिनी लगिएको थियो।

यसैगरी म्यानमारका राष्ट्रपति विन मिन्टलगायत २८ जना विशिष्ट पाहुनाहरू पनि लुम्बिनी भ्रमण गरी स्वदेश फर्केका छन्।

# मृतक परिवारलाई कर्णाली सरकारले राहत दियो

सरिता चलाउने, सल्यान

गत मंगलबार घर भत्किएर मृत्यु भएका सल्यान बागचौर नगरपालिका-४ सेतोगुराँसमा मृतकका परिवारलाई कर्णाली प्रदेश सरकारले राहत प्रदान गरेको छ।

घर भत्किँदा पाँच जनाले ज्यान गुमाएका परिवारलाई कर्णाली प्रदेश सरकारको तर्फबाट पीडितलाई १ लाख ५० हजार रकम प्रदान गरिएको हो। शुक्रबार राहत वितरण गरेको हो। कर्णाली सरकारको तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वाला र भौतिक पूर्वाधार मन्त्री खड्गबहादुर खत्रीले पीडित परिवारलाई राहत हस्तान्तरण गरेका हुन्। सेतोगुराँसमा गएको मंगलबार राति घरको भित्ता भत्किएर दलिन भाँचिदा घरमा सुतिरहेका एकै परिवारका पाँच जनाको ज्यान गएको थियो। दर्दनाक घटनाले आफूलाई मर्माहत बनाएको भन्दै टुहुरा बालबालिकाको शिक्षादीक्षाका लागि प्रदेश सरकारमा सहयोगका लागि पहल गर्ने मन्त्री खत्रीले बताउनुभयो।

साथमा राखेको रकम चाँडै खर्च हुन्छ, उहाँले भन्नुभयो- 'बैंकमा राख्दा भोलिसम्म पनि उनीहरूको जीवन निर्वाहमा सजिलो हुन्छ।' उहाँले बैंक खाता खोलेर अन्य सहयोगी दाताहरूको तर्फबाट पनि पीडितलाई सहयोग गर्न अपिल गर्नुभयो। राहत वितरण समारोहमा घटनामा बाँच्न सफल १३ वर्षीया कमला विकले भनिन्- 'हाम्रो तलको घर पहिरोले लग्यो अनि माथिको पुरानो घरमा बस्न आएका आमा, बुबा, बहिनी, भाइ सबै गुमायौं।' आफूहरू अहिले पनि भत्किएको घरमा बस्दै आएको उनले बताइन्।

यस्तै पीडित परिवारलाई आर्थिक मामिला मन्त्री ज्वालाले व्यक्तिगत ४ हजार र भौतिक पूर्वाधार मन्त्री खत्रीले ६ हजार गरी १० हजार थप रकम सहयोग गर्नुभएको छ। राहत वितरण सल्यानका प्रमुख जिल्ला अधिकारी कमलराज ढकाल र प्रहरी प्रमुख डीएसपी वीरेन्द्रबहादुर शाही, पत्रकारलगायतको सहभागिता वितरण गरिएको हो।

### कक्षा १० सम्म नि:शुल्क पढाउने घोषणा

यसैबीच जिल्लाको एक निजी विद्यालयले पीडित तिनै जना बालिकालाई कक्षा १० सम्म नि:शुल्क पढाउने घोषणा गरेको छ। हामीले उनीहरूलाई नि:शुल्क रूपमा पढाउने घोषणा गरेका छौं एकेडेमीका सञ्चालक महेश देवकोटाले भने सबै पक्ष मिलेर यसका लागि वातावरण बनाइदिनुहोस्। बालिकाहरूको खानपान र सुरक्षित रूपमा बस्नका लागि कसैले पहल गरेमा आफूहरूले नि:शुल्क पढाउने उनले बताए। बाँच्न सफल तीन बालिकाहरूमध्ये १३ वर्षीया कमला ८ कक्षामा, १० वर्षीया पुतला ५ कक्षा र ९ वर्षीया सुनिता कक्षा ३ मा स्थानीय विद्यालयमा पढ्दै आएका छन्।

# प्रसुति गराउन आएकी महिलाको ज्यान गयो

सर्लाही, (नेस)

सर्लाहीको हरिवनस्थित नमुना अस्पताल तनावग्रस्त भएको छ। अस्पतालमा प्रसूति गराउन आएकी हरिवन ४ पटौनाका अनोज थापाकी अन्दाजी २९ वर्षकी श्रीमती अप्सरा थापाको ज्यान गएपछि उनका आफन्त र स्थानीयले अस्पतालमा तोडफोड र आगजनी गरेका छन्।

आक्रोशित भिडले अस्पतालको फार्मेसीमा आगजनी गर्नुका साथै तोडफोड गरेका हुन्। सुत्केरी व्यथा लागेपछि सासु र सहयोगी शान्ता थापाका साथ प्रसूतिका लागि शुक्रबार साँझ ७ बजे नमुना अस्पताल आएकी अप्सराको डाक्टर र नर्सहरूको लापरबाहीका कारण ज्यान गएको आफन्त र स्थानीयको आरोप छ। अप्सरासँगै अस्पताल आएकी शान्ताका अनुसार अप्सरालाई अस्पताल ल्याउँदै गर्दा गेटमै व्यथाले च्यापेको थियो। उनलाई भित्र लैजाने क्रममा उनी लडिन्। डाक्टर र नर्सहरूले बेवास्ता गरे। उनलाई प्रसूति कक्षमा लगियो। आधा घण्टापछि डाक्टरले प्रसूति सम्भव नहुने भन्दै वीरगन्ज रिफर गरिदिए। उनलाई एम्बुलेन्समा राखेर वीरगन्ज लैजाँदै गर्दा बाटैमा उनको र बच्चा दुवै जनाको ज्यान गयो।

अप्सरा र उनको बच्चाको ज्यान गएपछि आक्रोशित भिडले अस्पतालविरुद्ध नाराबाजी गर्दै अस्पतालमा तोडफोड र आगजनी गरेका हुन्। स्थानीयले घट्नाको छानविन गरी कडाभन्दा कडा कारबाही गर्नुपर्ने, पीडितलाई उचित क्षतिपूर्ति दिनुपर्नेसहितका माग राख्दै विरोध गरेका हुन्। तोडफोडकै क्रममा अप्सराका भाइको अस्पतालको सिसाले काटी घाइते भएका छन्। आक्रोशित भिड नियन्त्रणका लागि प्रहरीले दुई राउन्ड अश्रु ग्याँससमेत प्रहार गरेको छ। अहिले पनि अस्पतालको अवस्था तनावग्रस्त छ।

# बोक्सीको आरोपमा बुहारीद्वारा सासूको हत्या

दाङ, (नेस)

दाङमा बुहारीले बोक्सीको आरोपमा सासूको हत्या गरेकी छन्।

तुलसीपुर उपमहागनरपालिका ९ बेलुवा निवासी सासू खोपी रावतलाई साइली बुहारी दंगीशरण गाउँपालिका ३ हेकुली निवासी टंकी रावतले हत्या गरेको प्रहरीले जनाएको छ। हत्या भएको झण्डै १० दिनपछि शव फेला परेको बुहारीलाई पक्राउ गरी बयान लिंदा हत्या गरेको स्वीकार गरेको प्रहरीले जनाएको छ।

बुहारीले सासूलाई झारफुक गर्न भन्दै गत भदौ ३ गते सल्यानको कपुरकोट लगेको र ५ गते फर्कने क्रममा कपुरकोट गाउँपालिका २ स्थित शिवमन्दिर सामुदायिक वनको भकम जंगलमा हत्या गरेको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले जानकारी दिनुभयो।

धामीझाँक्रीलाई हेराउँदा घरमै बोक्सी भएको भनेपछि सासू बाँच्दासम्म आफूले दु:ख पाउने देखेर हत्या गरेको टंकीले बयानमा भनेकी छन्।

हत्यापछि भागेर कपिलवस्तु कृष्णनगर पुगेकी टंकीलाई प्रहरीले शनिबार बिहान पक्राउ गरेको हो। झारफुक गर्न जाने भन्दै घरबाट निस्केका सासूबुहारी ९ दिनसम्म घरमा नफर्किएपछि खोपीकी छोरीले १२ भदौमा इलाका प्रहरी कार्यालय तुलसीपुरमा जाहेरी दिएकी थिइन्।

उजुरीको आधारमा खोज्दै जाँदा शुक्रबार खोपीको लाश फेला परेको र शनिबार भागेर कृष्णनगर पुगेकी टंकी पक्राउ परेको प्रहरीले जनाएको छ। उनलाई पक्राउ गर्न प्रहरीले एक टोली पठाएको थियो। प्रहरीले स्थानीयको सहयोगमा टंकीलाई पक्राउ गरेको डीएसपी सापकोटाले जानकारी दिनुभयो।

## ट्राफिक...

महानगरीय प्रहरी प्रभाग नागढुंगाका प्रहरी निरीक्षक केशव भट्टले अत्याधिक सवारी साधनको चाप रहेको नाकढुंगा नाकामा बिग्रिएको सवारी तान्ने क्रेन नहुँदा निकै ठूलो समस्या रहेको बताउनुभयो। 'दैनिक रूपमा नागढुंगाको उकालोमा मालवहाक सवारी साधन ओभरलोडका कारण बिग्रिन्छन्, एउटा गाडी बिँग्रिदा लामो जाम हुने गरेको छ'। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'बिग्रिएको सवारी तान्ने क्रेन तयारी अवस्थामा हुने हो भने दैनिक रूपमा हुने ट्राफिक जाम न्युनिकरण गर्न सकिन्छ।'

जीर्ण सडक, क्षमता भन्दा बढीको सवारी साधन, ओभरलोड लिएर आउने मालवहाक सवारी साधनको कारण नागढुंगामा ट्राफिक जाम हुनु सामान्यजस्तै भइसकेको छ।

प्रहरीका अनुसार नागढुंगाबाट उपत्यका भित्रने र बाहिरिने सवारी साधनको सख्या २० हजारको हाराहारीमा रहेको छ। नागढुंगाको उकालोमा २२ चक्केसम्मका मलवहाक ट्रकहरू आउने गरेका छन्। भारतीय मालवहाक सवारी साधनले पनि क्षमताभन्दा बढी मालसामान लिएर आउने र नागढुंगाको उकालोमा बिग्रने गरेका छन। प्रहरी निरीक्षक भट्टका अनुसार दैनिक रूपमा ६ देखि १४ वटासम्म मालबहाक ट्रक बिग्रिन्छन्। नागढुंगा नाकाबाट दैनिक १ ह जार ५ सय यात्रुवहाक सार्वजनिक सवारी साधन आउने जाने गर्छन।

घुम्ती, उकालो खाल्डाखुल्डी परेको सडकमा एउटा गाडी बिँग्रिदा क्रमश: अन्य सवारी साधन पनि पालैपालो बिग्रने गरेका छन्। हिउँदको समयमा भन्दा पनि वर्षाको समयमा बढीमालवहाक सवारी साधन बिग्रने गरेका छन्।

सडक विभागले तीन वर्षअघि नागढुंगाबाट ल्याएको क्रेन नागढुंगामा पुन: उपलब्ध गराएको छैन्। सडक विभागले भने प्रहरीको मागअनुसार क्रेन उपलब्ध गराएको बताएको छ।

सडक विभागका महानिर्देशक रविन्द्रनाथ श्रेष्ठले प्रहरीले क्षमताभन्दा लोड लिएर आएका सवारीलाई कारबाही नगरेको बताउनुभयो। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- सडक निर्माण भएपछि त्यसको उचित संरक्षण गर्ने काम सबैको हो।' सडकको स्तरउन्नतिका लागि विभागले काम गरिरहेको बताउँदै महानिर्देशक श्रेष्ठले प्रहरीले क्रेनको माग गरेर पठाएको खण्डमा छलफल गर्न सकिने बताउनुभयो।

नागढुंगामा सवारी साधन बिग्रँदा अत्यावश्कीय सेवा एम्बुलेन्स समेत घन्टौ जाममा पर्ने गरेका छन्। दुवै तिर सवारी साधन जाम हुँदा एम्बुलेन्समा ल्याइने बिरामीलाई निकै सास्ती हुने गरेको छ। प्रहरीका अनुसार बिग्रिएका गाडी तान्नका लागि यन्त्रशालाबाट क्रेन ल्याउन महंगो र लामो समय लाग्दा धेरै जाम हुने दावी गरेको छ।

सडक विभागले नागढुंगा नाकामा तयारी अवस्थामा राख्ने गरी क्रेन राख्नुपर्ने माग गरेको छ। नागढुंगाको उकालोमा सामानसहित ४२ टनसम्मको सवारी साधन आउने गर्छन्। प्रहरी निरीक्षक भट्टले भन्नुभयो-'क्रेन भयो भने ट्राफिक जाम नियन्त्रण गर्न सहज हुन्छ,। बिग्रिएको सवारी साधन साइट लगाइदिने हो भने सहज रूपमा यातायात सञ्चालन गर्न सकिन्छ।' बिग्रिएको सवारी साधन तान्नका लागि क्रेनले प्रतिघण्टा ५ हजार रूपियाँ लिने गरेको छ।

जाम घटाउन शुरूङ मार्ग

उपत्यका भित्रने र बाहिरिने सार्वजनिक सवारी साधन लामो समयसम्म नागढुंगा थानकोट सडक खण्डमा जाममा पर्ने समस्या हटाउन सरकारले नागढुंगा भन्दा तलबाट शुरूङ निर्माणको काम अगाडि बढाएको छ। सम्भाव्यता अध्ययन गर्ने काम सम्पन्न भएर हाल नागढुंगाको सिस्नेखोलादेखि बस्नेत छापसम्मको साढे दुई किमी शुरूङ मार्ग निर्माणका लागि जग्गा अधिकरणको काम भइरहेको छ। करिब १७ अर्ब रूपियाँमा उक्त शुरूङ निर्माण हुने भएको छ।

## एक पैसा...

उजुरीको संख्या र छानविन तथा अनुसन्धान गर्दा लाग्ने समय जनशक्तिलाई विचार गरी पर्याप्त थप मुकाम वा अनुसन्धान टोलीको व्यवस्था गरिनुपर्ने आयोगको माग छ। आयोगले आफ्ना समस्या देखाए पनि द्वन्द्वपीडित जनता त्यसमै धैर्यता गरेर बस्न तयार छैनन्। सशस्त्र युद्धको क्रममा राज्यपक्षबाट आफ्नो आमा मारिएको घटना सुनाउँदै सुर्खेत वीरेन्द्रनगरका भुवन विकले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'सरकारले सुन्दैसुन्दैन। सत्यनिरूपण आयोग त एक दुई जना व्यक्तिलाई जागिर खान बनाइदिएको संस्था जस्तो मात्रै भयो, न त दोषी पत्ता लगाउन सक्यो न त क्षतिपूर्ति दिलाउन। दिक्क लाग्यो विदेश जाने तयारीमा छु।'

जाजरकोटका १८ वर्षीय प्रेम विकले बुबा शहीद हुनुभएको घटना सुनाउँदै भन्नुभयो- 'कमसेकम हामीलाई छात्रवृत्ति त दिनुपर्थ्यो नि ? सरकारले केही गर्दिएन।'

जनयुद्धमा बुबा मारिएको बताउँदै रुकुमकी गीता बुढाले पनि त्यस्तै गुनासो गर्नुभयो- 'बुवा हुनुहुन्न, आमा पनि हुनुहुन्न। बुवा बेपत्ता भएको लामो समय भयो। दोषीलाई कानुनी कठघरामा ल्याए त चित्त बुझ्थ्यो नि।'

उक्त आयोग बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम २०७१ माघ २७ गतेको निर्णयबाट गठन भएको थियो। सत्य तथ्य छानविन गरी कारबाही चलाउन र क्षतिपूर्ति दिलाउनकै लागि गठित ५ सदस्यीय आयोगको म्याद अहिलेसम्म दुईपटक थपिसकिएको छ।

प्रदेशस्तरबाट

१ हजार ३ सय थान उजुरी संकलन भएको आयोगले पुरानै कुरा बताएको छ। प्रदेशस्तरमा सहन्यायाधिवक्ताको नेतृत्वमा कानुन व्यवसायीमा संलग्न व्यक्तिहरूसहितको टोली गठन गरिएको छ। टोलीले घटनाको प्रकृति हेरेर प्रतिबेदन तयार गर्ने गर्छ। आयोगले हत्या, बलात्कार, यातना, आगजनी, यौनजन्य हिंसा, सम्पत्ति कब्जा लगायतका विभिन्न शीर्षकका उजुरीहरू प्रदेशस्तरमा पठाएर अनुसन्धान जारी राखिएको जनाएको छ।

आयोगलाई द्वन्द्वको क्रममा भएका हत्या, अपहरण तथा शरीरबन्धक, अङ्गभङ्ग वा अपाङ्ग बनाउने, शारीरिक वा मानसिक यातना, बलात्कार तथा यौनजन्य हिंसा जस्ता अमानवीय कार्य वा मानवताविरुद्धका अन्य अपराधका सम्बन्धमा छानविन गरी सत्यतथ्य पत्ता लगाई पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने अधिकार पाएको छ।

यस्तै आयोगले व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा तोडफोड वा आगजनी, घरजग्गाबाट जबरजस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन, अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानुन विपरीतका कार्यको छानबिन र कारबाही गर्न सक्नेछ।

यस्तै, द्वन्द्वको क्रममा बास्तविक पीडितलाई परिचयपत्र प्रदान गरी परिपूर्णको व्यवस्था गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई कानुनी कारबाहीका लागि सिफारिस गर्ने उद्देश्यले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ वैशाख २८ गते जारी भई २०७१ माघ २७ गते आयोग गठन भएको हो।

द्वन्द्वका क्रममा भएका घटनामा संलग्न व्यक्तिहरूको छानविन प्रकृया निकै लम्बिएको छ। सरकारले यथाशिघ्र द्वन्द्वपीडितलाई न्याय हुने तरिकाले काम गर्न आग्रह गरे पनि पर्याप्त स्रोत-साधन नहुँदा काम गर्न समस्या भएको जनाइएको छ। आयोगमा परेका ६१ हजार ६ सय १५ थान उजुरीमध्ये ७ हजार उजुरी अनुसन्धानपश्चात टुगिंने क्रममा रहेको बताइएको छ। एउटै पिडकबिरुद्ध धेरै पीडितहरूको उजुरी परेकाले आरोपीतहरूलाई एकमुष्ठ बोलाउने आयोगको तयारी छ।

## ढाँटेर...

संविधान बनेको ३ वर्षभित्र आगामी असोज २ गते राति १२ बजेसम्म कानुन बनाएर कार्यान्वयन गरिसक्नुपर्ने भएकाले मौलिक हकलाई समेत कार्यान्वयनमा ल्याइसक्नुपर्ने छ।

केही मौलिक हकसम्बन्धी कानुन पहिले नै बनिसकेकाले थोरै मात्र बनाउनुपर्ने कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सूचना अधिकारी बिनोदकुमार भट्टराईले बताउनुभयो।

### सिरिसेना र ओलीबीच भेटवार्ता

काठमाडौं, (नेस)

प्रधानमन्त्री केपी शर्मा ओली र श्रीलंकाका राष्ट्रपति मैत्रीपाल सिरिसेनाबीच शनिबार द्विपक्षीय भेटवार्ता भएको छ। भेटमा दुई देशबीच दुईपक्षीय हित र आपसी समन्वयका विषयमा छलफल भएको थियो। बिमस्टेक सम्मेलनका लागि नेपाल आएका सिरिसेना शनिबार लुम्बिनी भ्रमण गरी राजधानी फर्किनुभएको थियो। उहाँ आज आइतबार स्वदेश फर्कने कार्यक्रम तय भएको छ।

# प्रदेश ७ मा गौराको रौनक

बैतडी, (नेस)

सुदूरपश्चिमेलीहरूको मुख्य चाड गौरा शुरू भएसँगै गाउँघरमा रौनकता छाएको छ। बैतडीसहित प्रदेश नम्बर ७ (सुदूरपश्चिम)मा मनाइने गौरापर्वको दोस्रो दिन ब्रतालु महिलाहरूले बिरुडालाई धुने गर्दछन्। यसअघि हिजो भिजाएका बिरुडालाई नजिकका नदी, तलाउ, धारमा लगेर धुने चलन रही आएको छ।

ब्रतालु महिलाहरूले बिहानै नुवाइधुवाइ गरेर नजिकको धारा, तलाउ तथा कुवामा गई गौरादेवीको पूजाआजा गर्ने गरेका पण्डित दयाकृष्ण पन्तले बताए। धान, साउँ, तील, अपामार्गलगायतका बोटहरूबाट गौराको प्रतिमूर्ति बनाइ श्रृंगारपटार गरेर गौराको पूजा गर्ने चलन रही आएको छ। नजिकको धारा, कुवा तथा तलाउमा प्रतिस्थापन गरिएको गौराको मूर्तिलाई विभिन्न फागसहित बिरुडाले पूजा गर्ने चलन रही आएको छ। आज नदी, तलाउ तथा धारमा मनाइने गौरालाई स्थानीय भाषामा नानी गौरा भन्ने चलन रही आएको छ।

आज नदी, तलाउ, धारामा मनाएको भोलि अमुक्तभरण सप्तमीका दिन भित्र्याउने चलन छ। गौराको मुख्य दिन दुर्गाष्टमी अर्थात अठ्यावाली हो। त्यो दिन ब्रतालु महिलाहरूले गौरालाई गौराखलामा लगेर बिरुडाले पूजा गर्ने गर्दछन्। बिरुडाले अठ्यावालीका दिन ब्रतालु महिलाहरूले आफ्ना श्रीमान, छोराछोरी र आफन्तहरूको टाउको पूजा गर्ने चलन रही आएको छ। गहुँ केराउ गहत मास र गुरुस यी पाँच अन्नलाई बिरुडा भनिन्छ। पौराणिक कालमा हिमालयकी छोरी पार्वतीले भगवान शिवलाई पति पाउनका लागि गरेको कठोर तपस्याको सम्झनामा गौरापर्व मनाइने गरिन्छ।

# सहकारीको रकम हिनामिना गरी उद्योगमा लगानी

नेपाल समाचारपत्र

विराटनगर

विराटनगरको प्राइम बचत तथा ऋण सहकारी संस्था लिमिटेडका प्रबन्धकले करोडौं रुपियाँ अपचलन गरेर विभिन्न पाँच उद्योगमा लगानी गरेको भेटिएको छ। सहकारीको रकम अपचलन गरी फरार भएका प्रबन्धक इश्वर श्रेष्ठलाई प्रहरीले पोखराबाट पक्राउ गरेर ल्याएपछि भएको अनुसन्धानका क्रममा हिनामिना गरेको रकम गोप्य रुपमा उद्योगमा लगानी गरेको भेटिएको हो। श्रेष्ठलेले पोखरादेखि विराटनगरसम्मका उद्योगहरूमा लगानी गरेको पाइएको प्रहरीले जनाएको छ।

प्रहरीलाई दिएको बयानअनुसार श्रेष्ठले बिनायक प्रिन्टरमा करिब १ करोड रुपियाँ लगानी गरेको स्वीकार गरेका छन्। त्यस्तै पोखरामा रहेको लोटस फुड प्रोडक्समा ८५ लाख, विराटनगरस्थित न्यु विराट अटो वर्ल्डमा ८ लाख ५० हजार, अल राईट फुड प्रोडक्ट प्रालि मा ३ लाख, जिरे खोर्सानी नामक होटल खोल्नका लागि ५ लाख रुपियाँ लगानी गरेको भेटिएको हो। श्रेष्ठले सहकारीको पैसा अफन्तलाई समेत उपलव्ध गराएर व्यवसाय गर्न सहयोग गरेको तर त्यसको कुनै हिसाब सहकारीमा नराखेको पाइएको छ। आफन्तलाई करिब एक करोड रुपियाँ दिएको अनुसन्धानका क्रममा फेला परेको थियो।

श्रेष्ठले भाइ अरूणलाई करिब ३१ लाख, अनिललाई ८ लाख, बसन्तलाई ५ लाख, बाबु हरिभक्तलाई ५ लाख, बहिनी कोपिलालाई करिब ७ लाख रुपियाँ दिएको बयान दिएका थिए। कम्पनीमा लगानी गरेका कारण बचत कर्तालाई समयमा भुक्तानी गर्न नसकेको र बचतकर्ताको बचत फिर्ता गर्न मिटर व्याजमा ऋण लिएर केही समय थेग्ने प्रयत्न गरेपनि अन्तत: नसकेर भाग्नु परेको बयान श्रेष्ठले दिएका छन्।

सहकारीमा बचतकर्ताहरूले ८ करोड रुपियाँभन्दा बढी बचत गरेका थिए। शेयरबापत् करिव १२ लाख रुपिँया जम्मा थियो। त्यही ९ करोड रुपियाँमध्ये करिव तीन करोडभन्दा बढी श्रेष्ठले हिनामिना गरेको खुलेको छ। सहकारीले बजारमा करिब १ करोड ७५ लाख रुपियाँ कर्जा लगानी गरेको श्रेष्ठले जानकारी दिए।



पुर्खाको इतिहासले पुस्ता बदल्छ
आफ्नो कथा, आमाबाबुको कथा :
बाजे-बज्यैको कथा, बराजु-बजूको कथा :
जात्रा-पर्वको कथा, खानपान, गहना, पहिरनको कथा :
सबै-सबै तपाईंहरूको भोगाइको कथा :
तपाईं भन्नुहोस्,
हामी लेखिदिन्छौं ।
विदेशमा चर्चित घोस्ट राइटिङ नेपालमा पनि ।
Download Lekhan Kunja App iOS / Android
App Store
Google Play
/gwnofficial
/kunjatheatreofficial
हामी १८० मानव जीवनका दस्तावेज बनाइरहेका छौं। तपाईंको भोगाइको दस्तावेज बनाउन चाहान्छौं ।
DesignPac
GHOSTWRITING NEPAL
घोस्ट राइटिङ नेपाल (लेखन कुञ्ज)
Ghost Writing Nepal
थापागाउँ, नयाँ बानेश्वर, काठमाडौं
०१-५२४५१११, ५२४४२३३, ५२४४२३४, ५२४४२३५, ५२४४२३६, ९८५१००४७६१
www.ghostwritingnepal.com
Email : ghostwriting.nepal@gmail.com

२०७५ भदौ
आइतबार
१७

भन्सार विभागको तथ्यांक अनुसार चालू आर्थिक वर्षको साउन महिनामा रसुवागढी भन्सार कार्यालयले २४ करोड ६१ लाख रुपियाँ बराबरमात्रै रँजस्व संकलन गरेको छ। जुन अघिल्लो वर्षको सोही अवधिको भन्दा झण्डै आधा कम हो।

अर्थ

# रसुवागढी-केरुङ सडक अवरुद्ध हुँदा चाडवाडलाई ल्याएको अर्बौंका सामान अलपत्र

नेपाल समाचारपत्र

काठमाडौं

पछिल्लो एक महिनादेखि पहिरोका कारण अवरुद्ध रसुवागढी-केरुङ सडक खुल्न अझै एक हप्ताभन्दा बढी समय लाग्ने देखिएको छ। राजमार्ग बन्द हुँदा रसुवागढी भन्सार कार्यालयले संकलन गर्ने भन्सार शुल्कसमेत भदौ महिनामा शून्यमा झरेको छ।

रसुवाका प्रमुख जिल्ला अधिकारी कृष्ण पौडेलले रसुवागढी-केरुङ सडक खण्डमा ४ ठाउँमा अवरोध रहेको बताउनुभयो। 'पुलको खम्बा भाँचिएका कारण सवारी आवागन गर्न नमिल्ने भएको थियो। पुललगायत अन्य दुई काम सकिसकेको छ। दुई ठाउँमा अझै बाँकी छ। नेपाली सेनाको समन्वयमा सडक विभागले सडक 'ब्लास्टिङ'को काम गरिरहेको छ, एक हप्ताभित्रमा खुल्छ।' नेपाल समाचारपत्रसँग कुरा गर्दै पौडेलले भन्नुभयो।

> एक महिनादेखि सडक अवरुद्ध हुँदा रसुवागढी भन्सार नाकामा विभिन्न वस्तु बोकेका ५ सयभन्दा बढी कन्टेनर रोकिएका छन्। १२ सयभन्दँ बढी कन्टेनर बराबरको सामान केरुङमा थन्किएर बसेको छ। स्याउ, प्याजलगायतका सामग्री कुहिन थालेको छ।

चीनसँगको दुईपक्षीय व्यापारका लागि प्रमुख मानिएको रसुवागढी भन्सार नाकामा विभिन्न वस्तु बोकेका ५ सयभन्दा बढी कन्टेनर रोकिएका छन्। भारी वर्षापछि आएको बाढीले भत्काएको पुल मर्मतमा हुन नसक्दा गएको साउन १२ गतेदेखि केरुङ नाकामा यातायात ठप्प प्रायः छ। वर्षापछि गोसाइकुण्ड गाउँपालिका वडा नंम्बर ५ को खोपाङ भीरको पहिरोले यातायात अवरुद्ध भएको छ भने रसुवागढी नाका नजिकै गएका २ स्थानको पहिरो पनि हालसम्म पन्छाउन सकिएको छैन। अहिले गल्छी-धुञ्चे-रसुवागढी राजमार्गअन्तर्गत धुन्चे नजिक खसेको पहिरोका कारण अवरुद्ध सडक भने सञ्चालनमा सञ्चालनमा आइसकेको छ।

तिज र दशैं लक्षित चीनबाट आयात गरिएका सामान बीच बाटोमै अड्किँदा व्यापारीहरू मर्कामा परेका छन्। चाडबाडका लागि नेपाल ल्याउन लागिएका अर्बौं मूल्य बराबरका सामान चीनको केरुङमा थन्किएका छन्। करिब १ हजार २ सय कन्टेनर बराबरको सामान केरुङमा थन्किएपछि करोडौंको घाटा व्यहोर्नु परेको व्यवसायी बताउँछन्। नाकामा यातायात ठप्प भएपछि स्याउ, प्याजलगायत सामग्री कुहिन थालेका छन्। राष्ट्रिय व्यापारसंघका उपाध्यक्ष शाव मन्जिल श्रेष्ठले चीनबाट दशैं तिहार लगायत चाडबाडका लागि आयात गरिएको सामान बीच बाटोमै रोकिँदा व्यापार व्यवसायमा असर गरेको बताउनुभयो।

यातायात अवरुद्ध भएपछि रसुवा भन्सार कार्यालयको कारोबार ठप्प भएको छ। दैनिक करोडौं राजस्व असुल हुने नाका सुनासान छ। यातायात अवरुद्ध हुँदा चीनबाट आयात भएका सामान भन्सार कार्यालयमा जाँचपास र घोषणाका लागि समेत आउन पाएका छैनन्। चीनबाट आयातित कन्टेनरले राजस्व दाखिला, जाँचपास र वस्तु घोषणाको काम एक महिनादेखि ठप्प छ।

भन्सार विभागको तथ्यांक अनुसार चालू आर्थिक वर्षको साउन महिनामा रसुवागढी भन्सार कार्यालयले २४ करोड ६१ लाख रुपियाँ बराबरमात्रै रँजस्व संकलन गरेको छ। जुन अघिल्लो वर्षको सोही अवधिको भन्दा झण्डै आधा कम हो।

रसुवागढी नाका बन्द हुँदा स्थानीय बासिन्दाको दैनिक जीवन यापन सञ्चालन गर्न आवश्यक वस्तु वस्तु विनिमयको परिपूर्ति गर्न मात्र नभई राष्ट्रिय व्यापारमा पनि यसले असर पार्ने गरेको छ। हाल यस नाकाबाट निकासी तथा पैठारीको कार्य विस्तार हुँदै गएको र यस सडक सञ्जाललगायत भौतिक पूर्वाधार विस्तार गर्ने कार्य पनि अगाडि बढी रहेको छ।

# एक सातामा लगानीकर्ताको साढे १७ अर्ब गुम्यो

काठमाडौं, (नेस)

नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा लगातारको गिरावटका कारण यस साता लगानीकर्ताले साढे १७ अर्ब रुपियाँ गुमाएका छन्। साताको पहिलो दिन आइतबार समग्र बजार पुँजीकरण १४ खर्ब २३ अर्ब ४८ करोड रुपियाँ रहेकोमा अन्तिम कारोबार दिन बिहीबार १४ खर्ब ५ अर्ब ८३ करोड रुपियाँमा झरेकाले लगानीकर्ताले उक्त रकम गुमाएका हुन्।


यस साता नेप्से परिसूचक भने पहिलो दिनको तुलनामा ५ दशमलव ९७ अंकले बढेर अन्तिम दिन १ हजार १ सय ८१ दशमलव ६९ अंकमा पुगेको छ। कुल १८० कम्पनीको ११ हजार ७ सय ८८ कारोबारबाट ८० करोड ३० लाख ७ हजार रुपियाँ बराबरका २५ लाख ४२ हजार ७ सय १० कित्ता शेयर खरिद बिक्री भएको छ। कारोबार रकम गत साताभन्दा ३१ दशमलव ८१ प्रतिशतले कम हो। गत साता १ अर्ब १७ करोड ७५ लाख ७१ हजार रुपियाँबराबरको ४४ लाख २१ हजार ९ सय ५० कित्ता शेयर किनबेच भएको थियो।

कारोबारमा भएका १८० कम्पनीमध्ये सबैभन्दा बढी नेपाल इन्भेष्टमेन्ट बैंकको संस्थापक शेयरको कारोबार भएको छ। सो कम्पनीको ७ करोड ३९ लाख ६० हजार रुपियाँको शेयर किनबेच भएको हो।

यसैगरी नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको ४ करोड ४५ लाख ८० हजार रुपियाँ, एनएमबि बैंकको ४ करोड ७ लाख ५० हजार रुपियाँ, एनआईसी एसिया बैंकको ३ करोड ३३ लाख ८० हजार रुपियाँ र एनएलजी इन्स्योरेन्सको २ करोड ४९ लाख ५० हजार रुपियाँ शेयर कारोबार भएको छ।

कारोबार भएको शेयर संख्याको आधारमा एनएमबि बैंकको शेयर नै अगाडि रहेको छ। जसको १ लाख ३२ हजार कित्ता शेयर किनबेच भएको हो। कारोबार संख्यामा भने नेपाल लाइफ इन्स्योरेन्स कम्पनी अग्रस्थानमा रहेको छ, जसको संख्या ५ सय ८८ वटा रहेको छ। यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार चार दिन खुल्ला रहयो।

त्यस्तै 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ परिसूचक पहिलो दिनको तुलनामा १ दशमलव ३७ अंकले बढेर २ सय ४९ दशमलव ७९ अंकमा पुगेको छ।







# विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ भदौ १७, सेप्टेम्बर २, २०१८

## खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | ११३।२९ | ११३।८९ |
| युरो १ को रू. | १३१।९७ | १३२।६७ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४७।१९ | १४७।९७ |
| स्विस फ्रन्क १ को रू. | ११७।०६ | ११७।६८ |
| अस्ट्रेलियन डलर १ को रू. | ८१।८८ | ८२।३१ |
| क्यानाडियन डलर १ को रू. | ८७।१२ | ८७।५८ |
| सिङ्गापुर डलर १ को रू. | ८२।६४ | ८३।०८ |
| जापानी यन १० को रू. | १०।२२ | १०।२८ |
| चिनियाँ युआन १ को रू. | १६।५७ | १६।६६ |
| साउदी अरब रियाल १ को रू. | ३०।२१ | ३०।३७ |
| कतारी रियाल १ को रू. | ३१।१२ | ३१।२८ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।४६ | ३।४८ |
| सं. अरब इमिरट दिराम १ को रू. | ३०।८४ | ३१।०१ |
| मलसियन रिङ्गिट १ को रू. | २७।५७ | २७।७१ |
| दक्षिण कारियन वन १०० को रू. | १०।१३ | १०।१८ |

### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।४१ |
| डेनिस क्रानर १ का रू. | १७।७० |
| हङकङ डलर १ का रू. | १४।४३ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# ३६ वटा पर्यटक होटल थपिए

काठमाडौं, (नेस)

पर्यटकीय गतिविधि बढेसँगै लगानी पनि वृद्धि हुँदै गएको छ। यसैक्रमम गत आर्थिक वर्षमा देशभर विभिन्न स्तरका ३६ वटा पर्यटक होटल थपिएका छन्। पर्यटन विभागका अनुसार आर्थिक वर्षभरी पाँचतारे होटल १, चार तारे होटल ३ तथा तीन तारे होटल भने १ थप भएको छ।

त्यस्तै पर्यटक स्तरका २२ र होमस्टे ७ वटा संञ्चालनमा आएका छन्। यससँगै पाँच तारे होटलको संख्या ११ पुगेको छ। चार तारे होटलको संख्या ६ पुगेको छ। तीन तारे होटल ३५ र दुई तारे होटल ४३ र एक तारे होटलको संख्या ३१ पुगेको छ।

विभागका अनुसार पर्यटकस्तरका ४ सय ७६ मा यस वर्ष २२ होटल थप भएर देशभर ४ सय ९८ पर्यटक स्तरका होटल पुगेका हो। होमस्टे ७ थप भएसँगै २ सय ५२ पुगेको छ।

विभागमा हालसम्म २ हजार ५ सय ७० ट्रेकिङ एजेन्सी दर्ता भएका छन् भने यस आर्थिक वर्षमा मात्रै १ सय ७५ एजेन्सी दर्ता भएको हुन्। टेकिङ गाइडको संख्या भने १४ हजार ९३ जना पुगेको छ। ट्राभल एजेन्सीको संख्या भने ३ हजार ३ सय ७९ पुगेको छ। टुर गाइड ३ हजार ९५० पुगेको छ। पर्यटक यातायात सेवा व्यवसाय ७५ पुगेको छ।

पर्यटन विभागले अघिल्लो आर्थिक वर्षमा ९० करोड ७ लाख रुपियाँ राजस्व उठाएको छ।

अघिल्लो आर्थिक वर्षमा ६६ करोड ७४ लाख मात्र राजस्व आम्दानी गरेको थियो।





नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com


म्यान अफ द म्याच
दीपेन्द्र सिंह ऐरे

# एसिया कपमा नेपाललाई पहिलो जित

नेपाल समाचारपत्र

काठमाडौं

क्वालालम्पुरमा जारी एसीसी एसिया कप छनोट क्रिकेट प्रतियोगितामा नेपालले पहिलो जित हात पारेको छ।

शनिबार भएको खेलमा आयोजक मलेसियालाई १९ रनले हराएर नेपालले पहिलो जित हासिल गरेको हो। वर्षाको कारण ३० ओभरमा कटाइएको खेलमा नेपालले १ सय ८९ रनको लक्ष्य दिएको थियो। जवाफमा नेपालले मलेसियालाई १ सय ६९ रनमा समेटेको थियो। यो जितले नेपालको प्रतियोगिता जित्ने सम्भावनालाई ब्युँताएको छ। नेपालले आज प्रतियोगितामा तीनै खेल हारेको टोली सिंगापुरसँग खेल्नेछ।

नेपालले ३० ओभरमा ७ विकेट गुमाएर १ सय ८८ रन जोडेको थियो। दीपेन्द्र सिंह ऐरी र मोहम्मद आरिफ शेखले अर्धशतक बनाएपछि नेपालको ब्याटिङ सम्हालियो। ५ विकेट छिटै गुमाउन पुगेको नेपालका लागि उनीहरूले छैटौं विकेटका लागि १ सय १ रनको साझेदारी गरेका थिए। दीपेन्द्रले ५४ रन र आरिफले ६४ रनको योगदान दिएका थिए। यसअघि ओपनर ज्ञानेन्द्र मल्ल ११ र सुवास खकुरेल ९ रनमा पवेलियन फर्केका थिए। त्यस्तै अनिल साहले १६ रन र कप्तान पारस खड्काले १३ रन मात्रै जोडे। मलेसियन बलरमा सर्भिन मुनियान्डी र सजरुल इजादले ३/३ विकेट लिएका थिए।

जवाफमा मलेसियाले निर्धारित ३० ओभरमा ९ विकेटको नोक्सानीमा १ सय ६९ रन बनाएको थियो। मलेसियाका लागि मोहम्मद अनवर र सइद अजिज मुबारकले ३४/३४ रनको योगदान दिए। त्यस्तै अहमद फैज नूरले २२ र भिरानदीप सिंहले २१ रन बनाएका थिए। नेपाली बलरमा वसन्त रेग्मीले सर्वाधिक ३ विकेट लिएका थिए। त्यस्तै सोमपाल कामी र सन्दीप लामिछानेले २/२ विकेट हात पारेका थिए।

प्रतियोगितामा ३ चरणको खेल समाप्तिपछि नेपाल र मलेसिया २/२ अंकमा रहेका छन्। हिजै युएईलाई भारी रनअन्तरले हराएर हङकङ ४ अंकसहित दोस्रो स्थानमा उक्लियो। शीर्ष स्थानमा रहेको युएई यो हारसँगै ४ अंक जोडे पनि तेस्रो स्थानमा झरेको छ। ओमान तीनै खेल जितेर पहिलो स्थानमा रहेको छ। सिंगापुर भने ३ वटै खेलमा हार बेहोरेको छ। यो प्रतियोगिताको विजेताले यसै महिनाको अन्त्यमा युएईमा हुने एसिया कपमा खेल्न पाउनेछ।

# इन्डोनेसिया ओलम्पिक आयोजना गर्ने योजनामा



जकार्ता, (एजेन्सी)

इन्डोनेसियाले आगामी सन् २०३२ को ओलम्पिक र पारालिम्पिक गेम्स आयोजना गर्न योजना बनाइरहेको सो राष्ट्रका राष्ट्रपति जोका विडोडोले घोषणा गरेका छन्। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आईओसी) का अध्यक्ष थोमास बाचसँग शनिबार भएको बैठकपछि सो घोषणा भएको हो। हालै १८औं एसियन गेम्स आयोजना गरेको इन्डोनेसियासँगै सो वर्षको ओलम्पिक आयोजना गर्न भारत, अस्ट्रेलिया र चीन इच्छुक रहेका छन्।

विडोडोले बताए- 'एसियन गेम्सको अनुभवले हामीले विश्वकै ठूलो खेलकुद प्रतियोगिता आयोजना गर्न सक्ने विश्वासमा छौं।'

त्यस्तै आईओसीका अध्यक्ष बाचले इन्डोनेसियाको प्रस्तावलाई स्वागत गरेका छन्। उनले एसियन गेम्सले गर्दा इन्डोनेसियाको २०३२ मा हुने ओलम्पिक प्रस्तावलाई बलियो आधार प्रदान गरेको पनि बताएका थिए।

दुई वर्षपछि हुने २०२० ओलम्पिक र पारालिम्पक गेम्सको आयोजना जापानको राजधानी टोक्योमा हुँदै छ। यसपछि २०२४ र २०२८ को ओलम्पिक गेम्स क्रमशः फ्रेन्च राजधानी पेरिस र अमेरिकाको लस एन्जेल्समा आयोजना हुँदै छ।

भारतीय ओलम्पिक संघले २०३२ को ओलम्पिक आयोजना गर्न प्रस्ताव राख्ने तय गरिसकेको छ। चीनको सांघाई सहरले पनि प्रस्ताव राख्ने योजना बनाएको छ। चीनले ओलम्पिक आयोजना गरिसकेको छ तर भारत र इन्डोनेसियाले अहिलेसम्म ओलम्पिक गेम्सको आयोजना गर्न अवसर प्राप्त गरेका छैनन्।




## धरहरा

# 'पप्पु कान्ट डु'



'पप्पु कान्ट डान्स साला' भन्ने हिन्दी गीत निकै चल्तीको हो। हिजो-आज पनि पार्टीहरू यो गीतले नाच्ने मुड बनाउँछ, नाच्न अल्छी मान्नेहरू पनि आफ्नै ढंगमा जबरजस्त जीउ मर्काइरहेका देखिन्छन्। कुनै बेलाको चल्तीको गीत भएकाले स्वतः त्यस्तो माहोल बनाउने नै भयो।

गीत संगीतमा मात्रै होइन, ठेक्का पट्टाको मामलामा पनि पप्पु नामक कम्पनी हिट बन्या छ। मुलुकका अधिकांश भेगका सडक र पुल पुलेसाको ठेक्कामा पप्पु कन्स्ट्रक्सनको हाली मुहाली छ। यसको मुख्य सञ्चालक संघीय संसद्का सांसदसमेत रहेका हरिनारायण रौनियार हुन्। रकम भुक्तानीमा कुनै अवरोध नभए पनि उनको कम्पनीले जिम्मेवारी पाएका परियोजना लथालिंग बन्या छन्।

विगतमा कांग्रेसका नेताहरूसँग नजिकको साइनो सम्बन्ध जोडेका रौनियार हाल संघीय समाजवादी फोरमका तर्फबाट पर्सा-३ का निर्वाचित सांसद हुन्। फोरम अहिले सरकारमा छ। ठेका पट्टाको रकम धमाधम लिने तर सडक र पुल अलपत्र बनाउने उनको मौलिक पहिचान हो। उनको कम्पनीमाथि कारबाही गर्न प्रक्रिया अघि बढ्यो भने तत्कालै प्रतिवाद गर्दै कार्यकर्ताको डफ्फासहित उनी सरकारी कार्यालय धाउँछन्।

रौनियारको यस्तो शैली देख्दा धरहरालाई लाग्छ, त्यो हिन्दी गीत त पप्पु कम्पनीको ग्रहदशा नियाल्दै तयार गरिएको रहेछ। अनि त्यही गीतको लय सम्झँदै भन्नै पर्ने हुन्छ- 'पप्पु कान्ट डु द टास्क।'

# विल्सन र पिपल्स फाइनलमा

काठमाडौं, (नेस)

विल्सन स्कुल र पिपल्स स्कुल सातौं ग्रिनफिल्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा सिनियर ब्वाइजतर्फ शनिबार फाइनलमा प्रवेश गरेका छन्।

विल्सनले एलआरआईलाई ७०-४६ अंकले पराजित गर्दै फाइनल प्रवेश गरेको हो। विल्सनका लागि पेम्बा शेर्पाले ३९ अंकको योगदान गरे। यस्तै पिपल्सले नेरिकमाथि संकेत शाहीको २७ अंकको सहयोगमा ५९-५८ अंकले पराजित गर्दै फाइनल यात्रा तय गरेको हो।

ग्रिनफिल्ड स्कुलको आयोजनामा भएको प्रतियोगिताको सिनियर गर्ल्सतर्फ एभिएस र आयोजक ग्रिनल्यान्ड फाइनल प्रवेश गरे।

एसभिएसले केइएमाथि १७-११ को जित निकाल्यो। विमला एइडीले ८ अंक जोडिन्। ग्रिनल्यान्डले अरिषा खड्काको १६ अंकको मद्दतमा स्वर्णिममाथि २९-२५ को जित निकाल्यो।

जुनियर ब्वाइजमा महामञ्जुश्रीले रेडियन्टलाई ४१-१७ अंकले पराजित गर्दै फाइनल यात्रा तय गऱ्यो। मञ्जुश्रीका गोकुल भुजेलले १८ अंक जोडे। यस्तै ग्रिनफिल्डले अल्बर्ट भण्डारीको ९ अंक सहयोगमा सेब्सलाई ३०-२१ अंकले पराजित गर्दै उपाधिनजिक पुगेको हो।

# लिभरपुलको चौथो जित


साडियो माने गोल गर्दै (रातो)

लन्डन, (एजेन्सी)

लिभरपुलले प्रिमियर लिगअन्तर्गत नयाँ सिजनमा ४ खेलमा शतप्रतिशत नतिजा निकालेको छ। यो क्लबको लिग सिजनको इतिहासमा लगातार चार खेल जितेको २८ वर्षमा पहिलोपटक हो। शनिबार लेस्टर सिटीको मैदानमा लिभरपुलले २-१ ले खेल जितेको थियो। मोहम्मद सलाहले सुरुआतमै खुला गोल गर्ने अवसर गुमाए पनि साडियो मानेले १०औं मिनेटमा गोल गरेर अग्रता दिलाएका थिए। त्यस्तै रोबेर्टो फर्मिनोले जेम्स मिल्नरको कर्नरमा गोल गर्दै पहिलो हाफमा टोलीलाई २-० को अग्रतामा राखेका थिए। ६३औं मिनेटमा गेजालले १ गोल फर्काए पनि लेस्टरले अर्को गोल गर्न नसक्दा लिभरपुलसँग हार टार्न सकेन।

# सुजन गडाललाई स्वर्ण



काठमाडौं, (नेस)

एभिएम स्कुलका सुजन गडाल हरेराम जोशी स्मृति अन्तर स्कुल टेबल टेनिस च्याम्पियनसिपमा ब्वाइज यू-१६ तर्फ स्वर्ण पदक हात पार्न सफल भएका छन्। दोस्रो स्थानमा पुष्पसदनका आभाष चापागाईं र तेस्रो स्थानमा एभिएमका रोविन महर्जन र विशाल गोले रहे। एभिएम लगातार ३ वर्ष जित निकाल्दै ट्रफी उचाल्न सफल भयो। एभिएमले २०७३ र २०७४ सालमा पनि टिम विजयी भएको थियो।

# सन सैनिक सेवा गर्नबाट बचे



सिओल, (एजेन्सी)

टोटनह्यामका फरवार्ड सन हिउङ मीनले दक्षिण कोरियाका लागि सैनिक सेवा गर्नबाट आफूलाई बचाएका छन्। उनले इन्डोनेसियामा जारी १८औं एसियाली खेलकुदअन्तर्गत पुरुष फुटबलमा स्वर्ण पदक दिलाएका हुन्। शनिबार भएको फाइनल खेलमा दक्षिण कोरियाले जापानलाई २-१ गोलअन्तरले हराएको छ। जापानले समूह चरणमा नेपाललाई १-० ले हराएको थियो।

सो खेल निर्धारित ९० मिनेटको समयसम्म गोलरहित बराबरीमा टुंगिएको थियो। अतिरिक्त समयमा दक्षिण कोरियाका लागि ली सिउङ वु र ह्वाङ ही चानले २ गोल गरेर २-० को अग्रतामा राखेका थिए। उएडा आयासेले १ गोल फर्काए तर त्यो गोल सान्त्वना सावित भयो। जापानले रजतमै चित्त बुझाउनुपऱ्यो। यो दक्षिण कोरियाको एसियाली खेलकुदमा पाँचौं उपाधि हो।

यो जितपछि कोरियाका कप्तान सनको आँखा रसाएको थियो। यदि फाइनल खेल जित्न नसकेमा सनलाई दक्षिण कोरियाको सैनिक सेवामा २ वर्ष काम गर्नुपर्ने हुने थियो। तर जितले दक्षिण कोरियाका पुरै टोलीलाई राहत मिलेको छ। सनले जुलाईमा टोटनह्यामसँग २२ मिलियन पाउन्डमा ५ वर्षको नयाँ सम्झौता गरेका थिए।

# नाडाल र सेरेना अन्तिम १६ मा



न्युयोर्क, (एजेन्सी)

डिफेन्डिङ च्याम्पियन राफाल नाडालले रुसका सशक्त खेलाडी कारेन खाचानोभलाई सनसनी खेलमा हराएर युएस ओपनको चौथो चरणमा पुगेका छन्।


शुक्रबार भएको खेलमा ३२ वर्षीय स्पेनी खेलाडीले कारेनलाई ५-७, ७-५, ७-६, ७-६ ले हराएका थिए। नाडालले चौथो सेटमा ५-४ को अग्रता लिएर पनि म्याच प्वाइन्ट लिन सकेनन्। विश्व नम्बर एक नाडालले अन्तिम १६ मा जर्जियाका निकोलोज बासिलासभिलीसँग खेल्नेछन्। १७ पटक ग्रान्डस्लाम जितिसकेका नाडालले चौथो युएस ओपन उपाधि जित्ने धुनमा छन्।

महिला सिंगल्सतर्फ सेरेना विलियम्सले आफ्नै दिदी भेनस विलियम्सलाई पन्छाएर न्युयोर्कमा चौथो चरणमा पुगिन्। २३ पटककी ग्रान्डस्लाम विजेता सेरेनाले सो खेल ६-१, ६-२ ले सहजै जितेकी थिइन्। अमेरिकी दिदीबहिनीले ३० पटक एकअर्कासँग खेलेका छन्। सेरेनाले अन्तिम १६ मा इस्टोनीयाकी काइया कानेपीसँग प्रतिस्पर्धा गर्नेछिन्।

सेरेनाले जितेपछि बताइन्- 'कोर्टमा फर्केपछि मेरो यो उत्कृष्ट खेल थियो।'

यस्तै महिला सिंगल्सतर्फ डिफेन्डिङ च्याम्पियन स्लोअन स्टेफेन्सले पनि अन्तिम १६ को यात्रा तय गरिन्। अमेरिकी खेलाडीले बेलारुसकी भिक्टोरिया अजारेन्कालाई ६-३, ६-४ ले हराएकी थिइन्। आर्थर एस स्टेडियममा भएको खेलमा दुवै खेलाडीबीच दोस्रो सेटमा कडा प्रतिस्पर्धा भएको थियो। सो सेटमा अजारेन्काले ३-१ ले पछाडि परेर पनि ४-३ को अग्रता बनाएकी थिइन्। तर स्टेफेन्सले लगातार ३ गेम जितेर सो सेट र खेल जितेकी थिइन्।

स्टेफेन्सले क्वार्टरफाइनल यात्राको लागि बेल्जियमकी एलिस मर्टेन्ससँग खेल्नेछिन्। मर्टेन्सले यसै महिना स्टेफेन्सलाई सिनसिनाटी मास्टर्समा ७-६, ६-२ ले हराएकी थिइन्। मर्टेन्सले तेस्रो चरणको खेलमा चेककी बार्बोरा स्ट्राइकोभालाई ६-३, ७-६ ले पाखा लगाएकी थिइन्। अन्य खेलमा युक्रेनकी एलीना स्वीटोलिनाले चीनकी वाङ किआङलाई, ६-४, ६-४ ले हराएर एनास्टासिया सेभास्टोभासँग खेल्ने तय गरिन्। सेभास्टोभाले रुसकी एकाटेरिना माकारोभालाई ४-६, ६-१, ६-२ ले पराजित गरेकी थिइन्।



कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ